जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक शुभकामना



हिन्दुहरुको महान चाड बडा दशैंको
घटस्थापनाको सुखद अवसरमा
सम्पूर्ण श्रद्धालु भक्तजनहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।

जनकपुर टुडे राष्ट्रिय दैनिक
रेडियो टुडे ९१ मेगाहर्ज
टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल
परिवार, जनकपुरधाम

वर्ष २८ •अंक १४४ • २०८३ साल आश्विन २५ गते आइतबार (11 October, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## आज घटस्थापना



**माता शैलपुत्रीको पुजा**

वन्दे वांछितलाभाय
चन्द्रार्धकृतशेखराम्।
वृषारुढां शूलधरां शैलपुत्रीं
यशस्विनीम्॥

**दूर्गा पुजा कलश (घट) स्थापना शुभ मुहूर्त**
११ अक्टोबर २०२६, आइतबार
मिथिलामा बिहान ११:०० मिनेटदेखि बेलुका १२:१७ सम्म
**मुहूर्तको अवधि :**
बिहान ७७ मिनट

### सर्पदंश प्रकरणः महेशको मृत्युले उदांगियो राज्यको लाचारी

# सीमित आइसीयूको भरमा मधेशको स्वास्थ्य सेवा, संघीय सरकारको बेवास्तामाथि प्रश्न

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्पदंशबाट पीडित जनकपुरधाम उपमहानगरपालिका-१४ का महेश यादवको उपचारका क्रममा मृत्यु हुनु दुःखद र दुर्भाग्यपूर्ण घटना हो । तर घटनालाई केवल प्रादेशिक अस्पताल जनकपुरको लापरवाहीसँग जोडेर हेर्नु समस्याको सतही व्याख्या मात्र हुने नागरिक समाजका अगुवाहरू बताउँछन् । मधेश प्रदेशकै प्रमुख स्वास्थ्य संस्थामा गम्भीर बिरामीलाई आवश्यक पर्ने सघन उपचार कक्ष (आइसीयू), दक्ष जनशक्ति र पर्याप्त पूर्वाधारको अभावले संघीय तथा प्रदेश सरकारको स्वास्थ्य क्षेत्रप्रतिको उदासीनता उजागर गरेको उनीहरूको भनाइ छ।




नागरिक समाजका अगुवा वीरेन्द्र कर्णले करिब ६२ लाखभन्दा बढी जनसंख्या रहेको मधेश प्रदेशको स्वास्थ्य क्षेत्रमा संघीय सरकारले जनसंख्याको अनुपातमा पर्याप्त लगानी गर्न नसक्नु दुःखद रहेको बताए । अन्य प्रदेशको तुलनामा मधेशको स्वास्थ्य पूर्वाधार कमजोर रहँदा पनि सुधारका लागि सरोकारवाला निकायले अपेक्षित चासो नदेखाउनु दुःखद भएको उनी बताउँछन्।

महेशको मृत्युले एउटा गम्भीर प्रश्न खडा गरेको छ। बिरामीलाई आवश्यक उपचार दिन अस्पतालसँग पर्याप्त पूर्वाधार र जनशक्ति छैन भने त्यसको जिम्मेवारी कसले लिने ? सीमित स्रोतसाधनमा सेवा दिइरहेको अस्पताललाई मात्र दोषी ठहऱ्याएर सरकार आफ्नो दायित्वबाट उम्किन नमिल्ने कर्णको भनाइ छ।

अस्पताल प्रशासनले जनाए अनुसार महेश यादव असोज १४ गते राति करिब १२ बजे भर्ना भएका थिए। सर्पदंशका लक्षण देखिएपछि तत्काल उपचार शुरु गर्दै उनलाई १० भाइल एन्टी स्नेक भेनम (एएसभी) दिइएको थियो । सुधार नदेखिएपछि थप पाँच भाइल औषधि दिइएको अस्पतालले जनाएको छ।

उनको अवस्था अनुसार थप विशेष उपचारका लागि आइसीयू आवश्यक थियो। तर बेड खाली नभएकाले अन्यत्र उपचारका लागि जान सुझाव दिइएको प्रशासनको भनाइ छ । अस्पतालबाट बाहिरिएपछि यादव कहाँ पुगे र कुन अवस्थामा उनको मृत्यु भयो भन्ने जानकारी अस्पतालसँग छैन।

अस्पतालले उपलब्ध स्रोतसाधन अनुसार उपचारमा कमी नगरेको दाबी गरेको छ। अन्य गम्भीर बिरामीलाई आइसीयूबाट हटाएर नयाँ बिरामीलाई बेड उपलब्ध गराउन नसकिने अवस्था रहेको प्रशासनको भनाइ छ।

उपचारमा लापरवाही भएको हो वा होइन भन्ने विषयमा निष्पक्ष छानबिन आवश्यक रहे पनि आइसीयू अभावका कारण बिरामीले आवश्यक उपचार नपाउने अवस्था सिर्जना हुनुमा अस्पताल प्रशासनलाई मात्र जिम्मेवार ठहऱ्याउन नमिल्ने कर्ण बताउँछन् । स्वास्थ्य सेवा विस्तार, बजेट व्यवस्थापन र दक्ष जनशक्ति उपलब्ध गराउने दायित्व सरकारको पनि हो।

धनुषा, महोत्तरी, सिरहा र सर्लाहीलगायत जिल्लाका बिरामीको उपचारको प्रमुख केन्द्र रहेको प्रादेशिक अस्पतालमा करिब नौ वर्षअघि जडान गरिएका १० वटा आइसीयू बेडबाटै सेवा सञ्चालन भइरहेको छ।

अस्पतालका निर्देशक डा. जामुनप्रसाद सिंहले बिरामीको चापलाई ध्यानमा राख्दा कम्तीमा ५० वटा आईसीयू बेड आवश्यक रहेको बताए। दैनिक एक सयदेखि डेढ सयसम्म सिकिस्त तथा गम्भीर बिरामी आउने अस्पतालमा आइसीयू अभावका कारण कतिपयलाई अन्यत्र पठाउनुपर्ने बाध्यता छ।

अस्पतालको इमर्जेन्सीमा दैनिक करिब तीन सय र बहिरंग सेवा (ओपीडी) मा एक हजार पाँच सयभन्दा बढी बिरामी पुग्छन् । तर सीमित बेड, उपकरण र जनशक्तिका भरमा यति ठूलो चाप धान्नुपर्ने अवस्था छ।

२०४८ सालमा एक सय बेडको स्वीकृति पाएको अस्पतालमा अहिले प्रतिष्ठानको सहयोगमा ३९० बेड सञ्चालनमा छन्। निर्देशक सिंहका अनुसार बिरामीको चापअनुसार कम्तीमा ८०० बेड आवश्यक छन्। नयाँ दरबन्दी स्वीकृत नहुनु र पर्याप्त बजेट अभावले सेवा विस्तारमा अवरोध पुगेको छ।

एउटा आईसीयू बेडका लागि कम्तीमा चार जना नर्स आवश्यक पर्ने अवस्थामा हाल १० बेड सञ्चालन गर्न १६ जना नर्सले काम गरिरहेका छन्। थप बेड सञ्चालनमा ल्याउन उपकरणसँगै दक्ष जनशक्तिको व्यवस्था पनि उत्तिकै आवश्यक छ।

प्रतिष्ठानले संघीय सरकारबाट अन्य प्रतिष्ठानसरह पर्याप्त बजेट नपाएको गुनासो गर्दै आएको छ। प्रदेश सरकारले पनि अस्पतालको आवश्यकताअनुसार बजेट र जनशक्ति व्यवस्थापन गर्न नसक्दा समस्या थपिएको छ। यसले संघ र प्रदेश दुवै सरकारको प्राथमिकतामाथि प्रश्न उठाएको छ।

अस्पतालको अभिलेख अनुसार पछिल्ला दुई आर्थिक वर्षमा सर्पदंशका कारण भर्ना भएका एक हजार ७५३ बिरामीमध्ये १० जनाको मृत्यु भएको छ। अस्पतालले एएसभीको उपलब्धता पछिल्ला वर्षमा सहज भए पनि आईसीयू र दक्ष जनशक्तिको अभाव मुख्य समस्या बनेको जनाएको छ।

महेशको मृत्युपछि प्रतिनिधिसभा सदस्य मनिष झाले अस्पतालबारे गरेको टिप्पणीलाई लिएर पनि आलोचना भइरहेको छ । तर आरोप-प्रत्यारोपमा अल्झिनुभन्दा घटनाको निष्पक्ष छानबिन र स्वास्थ्य सेवाको संरचनागत सुधारमा ध्यान दिन आवश्यक छ।

सर्पदंशबाट मृत्यु हुनु दुर्भाग्य भए पनि आवश्यक उपचार दिने क्षमता विकास गर्न नसक्नु राज्यको विफलता हो । नागरिकलाई उपचारका लागि अस्पताल पुग्दा बेड अभावकै कारण अन्यत्र जानुपर्ने बाध्यता अन्त्य गर्न संघीय र प्रदेश सरकारले तत्काल पहल गर्नुपर्छ। आईसीयू विस्तार, दक्ष जनशक्तिको दरबन्दी र पर्याप्त बजेट व्यवस्थापनमा ठोस कदम चाल्नुपर्ने नागरिक समाजका अगुवाहरूको माग छ।

यसै क्षेत्रका सांसदसमेत रहेका मनिष झाले प्रतिनिधिसभामा अस्पतालको लापरबाही भनेर बोले पनि हालसम्म अस्पतालको अवस्था र सेवा सुविधा तथा बिरामीको स्वास्थ्य अवस्थाबारे भने अनुगमनसमेत नगर्नु र सस्तो लोकप्रियताका लागि भाषणवाजी गर्नु सही नभएको स्थानीय बजारमा चर्चा चुलिन थालिएको छ।




जनकपुर ०४१-४२००२० । जलेश्वर ९८५४००२११५१ । महेन्द्रनगर ९८१५८४४३८५ । धनुषाधाम ९८०४८६००५८
यदुकुवा ९८०९६१८३०३ । वर्दिवास ९७०९१४३१०७ । लाहान ०३३-५६५०५३ । विरगंज ९८०२५३०९०३

# सोह्र श्राद्धको अन्तिम दिन पशुपतिमा श्राद्ध तथा पिण्डदान



काठमाण्डु । सोह्र श्राद्धको अन्तिम दिन आज काठमाडौँको पशुपतिनाथ मन्दिरस्थित वाग्मती नदी किनारमा दिवङ्गत पितृको सम्झनामा श्राद्ध, तर्पण तथा पिण्डदान गरेका छ । पितृपक्षको अन्तिम दिन आफ्ना दिवङ्गत पितृप्रति श्रद्धा व्यक्त गर्दै उनीहरूको आत्माको चिरशान्तिको कामना गर्न बिहानैदेखि पशुपति क्षेत्रमा श्रद्धालुको बाक्लो उपस्थिति देखिएको थियो ।

हिन्दू धार्मिक परम्पराअनुसार सोह्र श्राद्धका अवसरमा दिवङ्गत पितृको सम्झना, सम्मान तथा आत्माको शान्तिको कामना गर्दै श्राद्ध, तर्पण र पिण्डदान गर्ने प्रचलन छ । पितृको तिथिअनुसार श्राद्ध गर्नुपर्ने धार्मिक मान्यताका कारण पशुपतिनाथ क्षेत्रमा श्रद्धालुको चहलपहल थियो ।

पशुपति क्षेत्रमा लामो समयदेखि श्राद्धलगायत धार्मिक कर्मकाण्ड गराउँदै आउनुभएका पण्डित दीर्घराज रेग्मीले बिहानैदेखि भक्तजन धार्मिक विधिअनुसार तर्पण तथा पिण्डदान गर्न आइरहेको जानकारी दिनुभयो । उहाँले सोह्र श्राद्ध पितृको सम्झना र सम्मानमा गरिने धार्मिक परम्परा भएकाले श्रद्धालुहरू अन्तिम दिन पनि विधिपूर्वक श्राद्ध तथा पिण्डदानमा सहभागी भइरहेको बताउनुभयो ।

त्यस्तै, अर्का पण्डित नन्दराम लुइँटेलले श्राद्ध दिवङ्गत पितृप्रति श्रद्धा र सम्मान प्रकट गर्ने धार्मिक कर्म भएको बताउनुभयो । उहाँका अनुसार सोह्र श्राद्धका अवसरमा पितृको आत्माको शान्तिको कामना गर्दै श्राद्ध, तर्पण तथा पिण्डदान गर्ने गरिन्छ ।

सोह्र श्राद्ध सुरु भएसँगै पशुपतिनाथ क्षेत्रमा श्रद्धालुको आवागमन बढेको छ । विशेषगरी बागमती नदी किनारमा दिवङ्गत आफन्तको सम्झनामा धार्मिक विधिअनुसार कर्मकाण्ड गर्ने भक्तजनको बाक्लो उपस्थिति रहने गरेको छ । श्रद्धालुको चाप बढेसँगै पशुपति क्षेत्रमा श्राद्ध, तर्पण तथा पिण्डदानलगायत धार्मिक कर्मकाण्ड गराउने पण्डितलाई भ्याइनभ्याई भएको छ । रासस

# बाढी प्रभावितको मानसिक स्वास्थ्यमा ध्यान दिन जोड

काठमाण्डु । विनाशकारी बाढीबाट प्रभावित समुदायको मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्यालाई सम्बोधन गर्नुपर्नेमा जानकार एवं सरोकारवालाहरूले जोड दिएका छन् ।



विश्व मानसिक स्वास्थ्य दिवसका अवसरमा तरङ्गिनी महिला अधिकार प्रशिक्षण केन्द्र (तरङ्गिनी फाउण्डेसन)ले शनिबार यहाँ आयोजना गरेको ‘ बाढीपछिको मानसिक स्वास्थ्यको वर्तमान अवस्था र आगामी बाटो’ विषयक छलफलका वक्ताहरूले बाढी प्रभावितको मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखेर आवश्यक सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, टेकुको मानसिक स्वास्थ्य शाखाका टेकराज डिसीले बाढी प्रभावित समुदायमा देखिएका मनोसामाजिक समस्या समाधानका लागि सबै तह र तप्काबाट सहयोग र सहकार्य आवश्यक रहेको बताउनुभयो ।

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले मानवीय क्षतिका साथै घर तथा सम्पत्तिमा क्षति पुऱ्याएको उल्लेख गर्दै उहाँले स्थानीयवासीको जीविकोपार्जनमा अवरोध सिर्जना हुनुका साथै कतिपय विस्थापित हुनुपरेको बताउनुभयो । यस्तो अवस्थामा प्रभावित व्यक्तिलाई आवश्यक सहयोग उपलब्ध गराउन सम्बन्धित सबै निकाय सक्रिय हुनुपर्ने उहाँको भनाइ थियो ।

मनोचिकित्सक डा पुष्पप्रसाद शर्माले बाढीका कारण आफन्त तथा सम्पत्ति गुमाउनु, बसोबासको अनिश्चितता, जीविकोपार्जनमा कठिनाइ र भविष्यप्रतिको चिन्ताले प्रभावित समुदायको मानसिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने बताउनुभयो ।

“यस्तो अवस्थामा शोक, तनाव, चिन्ता, असुरक्षा तथा अन्य मनोसामाजिक समस्यालाई सम्बोधन गर्न आवश्यक छ । प्रभावित समुदायको मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्छ”, उहाँले भन्नुभयो ।

छलफलका क्रममा काउन्सिलर निर्मला काफ्ले, मिलन कार्की, प्रज्ञा श्रेष्ठलगायतले बाढीपछि प्रभावित व्यक्तिले भोग्नुपरेका समस्या तथा उनीहरूको वर्तमान अवस्थाबारे आफूले देखेका र अनुभव गरेका विषय प्रस्तुत गर्नुभएको थियो ।

तरङ्गिनी फाउण्डेसनका कार्यक्रम संयोजक बबिता बरालले संस्थाले सङ्घीय संरचनाअनुसार तीनै तहका सरकारसँग समन्वय र सहकार्य गर्दै लैङ्गिक समानता, महिला सशक्तीकरण तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्दै आएको जानकारी दिनुभयो ।

उहाँका अनुसार फाउण्डेसनले स्थापनाकालदेखि नै महिलाको कामको सम्मान, मानसिक स्वास्थ्य, आफ्नो शरीरमाथिको नियन्त्रण तथा पहिचानका सवालमा विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ ।

बाढीपछिको अवस्थामा प्रभावित समुदायको मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्दै आवश्यक सहयोगका कार्यक्रम अघि बढाउने, सरोकारवाला निकायबीच सहकार्य सुदृढ गर्ने तथा आगामी दिनमा अपनाउनुपर्ने कार्यदिशा तय गर्ने उद्देश्यले छलफल आयोजना गरिएको बरालले बताउनुभयो । कार्यक्रममा मानसिक स्वास्थ्य तथा मनोसामाजिक क्षेत्रका विज्ञ, सञ्चारकर्मीलगायतको सहभागिता थियो । रासस

# वरिष्ठ मूर्तिकार कुमालेलाई मरणोपरान्त ‘ग्लोबल अवार्ड’ प्रदान गरिने

ललितपुर । नेपाली परम्परागत मूर्तिकलाका वरिष्ठ कलाकार, नेपालका प्रथम ललितकला उपाधिप्राप्त कलाकार तथा ‘ क्रोधकला शिरोमणि’ स्व कालु कुमालेलाई मरणोपरान्त ‘ग्लोबल अवार्ड’ प्रदान गरिने भएको छ ।

ललितपुरमाशनिबारआयोजित कुमालेको श्रद्धाञ्जलीसभाका अवसरमा इन्फिनिटी सर्भिस संस्थाकातर्फबाट उक्त जानकारी दिइएको हो । कार्यक्रम आगामी नोभेम्बर १ तारिखमा हुनेछ ।

विसं १९९० जेठ २७ गते ललितपुरको ऐतिहासिक



ओकुबाहलमा जन्मनुभएका कालु कुमालेको ९४ वर्षको उमेरमा यही असोज ६ गते निधन भएको थियो । स्वभावले अत्यन्त शान्त भए पनि रौद्ररूपी क्रोधमुद्राका मूर्ति निर्माणमा सिद्धहस्त उहाँले नेपाली परम्परागत मूर्तिकलालाई विश्वमञ्चमा चिनाउन ऐतिहासिक भूमिका निर्वाह गर्नुभएको थियो ।

विसं २०१८ मै उहाँका कलाकृति बेलायतस्थित विश्वप्रसिद्ध ‘भिक्टोरिया एण्ड अल्बर्ट म्युजियम’ मा पुगेका थिए । आफ्नो जीवनकालमा ६०० भन्दाबढी उत्कृष्ट मूर्ति सिर्जना गर्नुभएका उहाँका कलाकृति विश्वका ५५ भन्दाबढी राष्ट्रमा पुगेका छन् ।

कुमालेका सिर्जनामा चतुर्भुज भैरव, बाराही, गणेश भैरव, अष्टमातृकागण, वज्र तथा नागदेवताका विभिन्न प्रतिष्ठित मन्दिरमा स्थापित मूर्ति रहेका छन् । अर्घौं दरबारमा रहेको २१ फिट अग्लो भगवतीको मूर्ति र पाटन दरबार सङ्ग्रहालयमा रहेको साढे छ फिट अग्लो बाराही जोगिनीको मूर्ति उहाँका उत्कृष्ट कलाकृतिका रूपमा परिचित छन् । उहाँको कलात्मक उचाइको चर्चा गर्दै विसं २०३० मै विश्वविख्यात लेखकद्वय इयान इसप र जिल्लि कार्ल्टनले त्रिभुवन विश्वविद्यालयबाट प्रकाशित मुखपत्रमा विशेष लेख प्रकाशन गर्नुभएको थियो ।

इन्स्टिच्युट फर सोसियो एण्ड एनालासिस संस्थाद्वारा लिखित तथा २०७९ सालमा प्रकाशित उहाँको जीवनीमा आधारित पुस्तक ‘देउता बनाउने मान्छे’ उपराष्ट्रपति रामसहायप्रसाद यादवबाट विमोचन भएको थियो ।

स्व कुमालेको आत्मवृत्तान्त समेटिएको उक्त पुस्तकमा उहाँले निष्ठा, धैर्य र इमानदारीलाई सफलताको मूल मन्त्र मान्ने गरेको उल्लेख छ । “हातमा काम लिइ भगवान्को नाम जप्दै मर्न पाउनु, मानिसले आफ्ना कुकृत्य अरूबाट लुकाए पनि मनबाट कहिल्यै लुकाउन नसक्ने र मरेर लैजाने भनेको कुशल तथा अकुशल कर्म मात्र हो”, भन्ने जीवनदर्शन उहाँले अगाल्नुभएको थियो ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, बागमती प्रदेश हस्तकला सङ्घ, नेपाल व्यावसायिक कलाकार सङ्घ, पाटन सङ्ग्रहालय विकास समिति, नेपाल कलापरिषद्, ज्यापू समाज ललितपुर र नेपाल सम्पदा सङ्घको संयुक्त आयोजनामा शोकसभा सम्पन्न भएको थियो । शोकसभामा स्व कुमालेको तस्वीरमा माल्यार्पण गर्नुका साथै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै मौनधारण गरिएको थियो ।

शोकसभामा ललितपुर महानगरपालिकाकी उपप्रमुख मञ्जली शाक्य आस्था, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानकी कुलपति एरिना ताम्राकार, कमर्शियल आर्टिस्ट एशोसिएसन नेपालका अध्यक्ष प्रेम श्रेष्ठ, पाटन सङ्ग्रहालयका कार्यकारी निर्देशक रमेशराज पौडेल, नेपाल सम्पदा सङ्घका अध्यक्ष धर्मराज शाक्य, ज्यापू समाज ललितपुरका अध्यक्ष सन्तमान महर्जन तथा स्व कुमालेका निकट सहयोगी एवं साइला छोरा मूर्तिकार राकेश अवालेले मन्तव्य व्यक्त गर्नुभएको थियो । उहाँहरूले वरिष्ठ मूर्तिकार कुमालेले नेपाली परम्परागत कला र धातु मूर्तिकलामा पुऱ्याउनुभएको अतुलनीय योगदानको स्मरण गर्नुभयो ।

कार्यक्रममा स्व कुमालेका छोरा राजेश अवाले तथा छोरीहरू पुनमाया र शोभासहित परिवारका सदस्य, बागमती प्रदेश हस्तकला सङ्घका अध्यक्ष नवीन शाक्य, ललितकलामा कार्यरत विभिन्न व्यक्तित्व, कलाप्रेमी तथा अन्य प्रतिष्ठित व्यक्तिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा लोककवि जकःमिले कुमालेको योगदानबारे नेपाल भाषामा कविता प्रस्तुत गर्नुभएको थियो । रासस

# ‘क्यानभासमा पारिजात’ चित्रकला प्रदर्शनी



काठमाण्डु । नेपाली साहित्यकी विशिष्ट स्रष्टा पारिजातका साहित्यिक कृतिमा आधारित एकहप्ते चित्रकला प्रदर्शनी ‘क्यानभासमा पारिजात’ म्हैपीस्थित पारिजात स्मृति केन्द्रमा सुरु भएको छ ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति नारदमणि हार्तम्छालीले प्रदर्शनीको उद्घाटन गर्दै पारिजातका कृतिमाथि कलाकारले चित्र सिर्जना गरेर नयाँ कामको थालनी गरेको बताउनुभयो । एक स्रष्टाको कृतिमा अर्को स्रष्टाले कलाकृति रचना गर्दा उनीहरूबीचको सिर्जनात्मक बुझाइ र दृष्टिकोणको अन्तर पहिचान गर्न सकिने उहाँको भनाइ थियो ।

प्रदर्शनीमा सहभागी कलाकार सौरगङ्गा दर्शनधारीले एक स्रष्टाको रचनामाथि अर्को स्रष्टाले कलाकृति सिर्जना गर्नु चुनौतीपूर्ण भए पनि त्यसबाट कृतिको भाव र गहिराइ बुझ्न सकिने बताउनुभयो । रङ र रेखामार्फत पारिजातका कृतिलाई कलाकारले न्याय गरेको अनुभव भएको उहाँले भन्नुभयो । प्रतिष्ठानका पूर्वसदस्य सचिव देवेन्द्र थुम्केलीले स्रष्टाका साहित्यिक कृतिमाथि चित्र सिर्जना गर्दा तिनमा नयाँ आयाम थपिने बताउनुभयो । शब्दलाई रङ र रेखामार्फत अर्को सिर्जनात्मक अभिव्यक्तिमा रूपान्तरण गर्दा स्रष्टाहरूबीचको सिर्जनात्मक बुझाइसमेत उजागर हुने उहाँको भनाइ थियो ।

यस्तो सिर्जनात्मक अभ्यास सामाजिक रूपान्तरण र जागरणका लागि फलदायी हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । पारिजात स्मृति केन्द्र, पारिजातको कृतित्व र चित्रकलाबारे चर्चा गर्दै डा महेश मास्केले चित्रकलामार्फत पारिजातको व्यक्तित्व र कृतित्वलाई चिरस्थायी बनाउने प्रयास भएको बताउनुभयो । उहाँले पारिजातको साहित्यिक योगदान तथा साहित्य र चित्रकलाबीचको सम्बन्धबारे प्रकाश पार्नुभयो ।

केन्द्रका संरक्षक तथा संस्थापक अध्यक्ष सुकन्या वाइबाले पारिजातका कृतिमाथि चित्र सिर्जना गरेर कलाकारले उहाँप्रति न्याय गरेको बताउनुभयो । केन्द्रका अध्यक्ष इन्दिरा दलीले कलामार्फत पारिजातको व्यक्तित्व र कृतित्वलाई थप उचाइ दिने काम भएको धारणा व्यक्त गर्नुभयो ।

प्रदर्शनीमा पारिजातका कविता, कथा, उपन्यास र आत्मसंस्मरणलगायत साहित्यिक रचनामा आधारित १६ जना कलाकारका कलाकृति राखिएका छन् । प्रदर्शनीमा नारदमणि हार्तम्छाली, देवेन्द्र थुम्केली, एससी सुमन, पाल्साङ्मो लामा, प्रदीप अधिकारी, सौरगङ्गा दर्शनधारी, दिनेश्वर महतो, वासु क्षितिज, केशवराज खनाल, डिबी भण्डारी, लीलाधर केसी, मोहन शिवाकोटी, किशोर रानाभाट, रसिकराज, मनरा प्रजापति र शोभा ढकालका चित्र समावेश छन् ।रासस

# बाँदरको आतङ्कपछि अदुवा र बेसारखेती गर्दै किसान

सुनसरी । बाँदरको आतङ्कका कारणधरानउपमहानगरपालिका-२० विष्णुपादुकाका किसान परम्परागत धान, मकै र कोदोखेती छाडेर अदुवा तथा बेसारखेतीतर्फ आकर्षित हुन थालेका छन् । बाँदरले बाली नष्ट गर्न थालेपछि कतिपय किसानले खेतबारी बाँझै छाडेका छन् भने केहीले बाँदरले कम क्षति पुऱ्याउने अदुवा र बेसारखेती गर्न थालेका हुन् ।



कुनै समय अम्लिसो उत्पादनका लागि परिचित यस क्षेत्रमा बाँदरले अम्लिसोको कलिलो सुइरोसमेत खाइदिने गरेपछि यसको खेती घट्दै गएको स्थानीय किसानको भनाइ छ । धरान-२० का किसान पदम राईले व्यावसायिक रूपमा अदुवाखेती गर्दै आउनुभएको छ ।

उहाँले वार्षिक १० देखि ११ क्विन्टलसम्म अदुवा उत्पादन गरी बिक्री गर्दै आएको बताउनुभयो । “पहिले मकैखेती गर्थें । बाँदरले दुःख दिन थालेपछि अदुवाखेती गर्न थालेको हुँ । बाँदरले अदुवा नखाने भएकाले यसको खेती गर्न सहज भएको छ”, उहाँले भन्नुभयो ।

मौसमले साथ दिएमा अदुवाखेतीबाट मनग्य आम्दानी हुने राईले बताउनुभयो । गत वर्षको तुलनामा अहिले बजारमा अदुवाको मूल्य राम्रो भएकाले आम्दानी पनि सन्तोषजनक रहेको उहाँको भनाइ छ । कहिलेकाहीँ सामान्य रोग तथा कीराको सङ्क्रमण देखिए पनि ठूलो नोक्सान हुने अवस्था नरहेको उहाँले बताउनुभयो ।

अदुवासँगै लसुन र बेसारखेती गर्दै आउनुभएका राईले वार्षिक रु सात लाखसम्म आम्दानी हुने गरेको जानकारी दिनुभयो । मौसम अनुकूल हुनुका साथै रोग तथा कीराको सङ्क्रमण नदेखिए अदुवाखेतीबाट राम्रो आम्दानी गर्न सकिने उहाँको अनुभव छ ।

शिक्षण पेसा छाडेर व्यावसायिक अदुवाखेतीमा लाग्नुभएका अर्का किसान तिलक राईले पनि अदुवाखेतीबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ । उहाँले वार्षिक सातदेखि १० क्विन्टलसम्म अदुवा उत्पादन हुने गरेको बताउनुभयो । गत वर्ष अदुवा खुद्रा बजारमा प्रतिकिलो रु १५० देखि रु २८० सम्ममा बिक्री भएकाले यस वर्ष पनि सोहीअनुसार मूल्य आउनेमा सन्तोषजनक रहेको उहाँले बताउनुभयो ।

अदुवाखेतीका लागि केही भिरालो ठाउँ र खुकुलो माटो आवश्यक पर्ने उहाँले बताउनुभयो । “जमिन राम्रो भयो भने अदुवाखेतीबाटै मनग्य आम्दानी गर्न सकिन्छ । पहिले गाउँमा अधिकांश किसानले मकै र कोदोखेती गर्थे । अहिले बाँदरको समस्याका कारण धेरैले अदुवा र बेसार खेती गर्न थालेका छन्”, उहाँले भन्नुभयो ।

राईका अनुसार विष्णुपादुकामा अहिले २०० भन्दा बढी किसान अदुवाखेतीमा संलग्न छन् । उहाँले अदुवाखेतीसँगै अम्लिसो, बेसार, अकबरे खुर्सानीलगायत कृषिउपज उत्पादनसम्बन्धी तालिमसमेत दिँदै आउनुभएको छ । यहाँ उत्पादित अदुवा र बेसार किसानले बिक्रीका लागि धरानस्थित कृषिउपज बजार तथा धरान-११ को मङ्गलबारे बजारमा ल्याउने गरेका छन् ।

धरान-२० का स्थानीय ध्रुव साम्पाङ राईले बाँदरको आतङ्कका कारण खेतीपाती गर्न छाड्नुपर्ने अवस्था आएको बताउनुभयो । बाँदरको समस्याकै कारण सो क्षेत्रमा करिब ८० प्रतिशत जग्गा बाँझो रहेको उहाँको भनाइ छ । बाली जोगाउन बाँदरको दिनरात निगरानी गर्नुपर्ने भएकाले खेती गर्न कठिन भएको उहाँले बताउनुभयो ।

बाँदर नियन्त्रणका लागि स्थानीय तहले विगतमा गरेका प्रयाससमेत प्रभावकारी हुन नसकेको साम्पाङको भनाइ छ । “बाँदरलाई नियन्त्रण गरेर अन्यत्र पठाउँदा पनि फेरि फर्किएर आउने समस्या छ । नियन्त्रण गरिएका बाँदरलाई कहाँ व्यवस्थापन गर्ने भन्ने पनि चुनौती छ”, उहाँले भन्नुभयो । बाँदरको समस्या धरानमा मात्र नभई देशका विभिन्न ठाउँमा रहेको उल्लेख गर्दै साम्पाङले यसको दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारले स्पष्ट नीति र प्रभावकारी योजना बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विगतको तुलनामा यस वर्ष अदुवाको मूल्य बढेको धरानस्थित कृषिउपज बजार व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण भट्टराईले बताउनुभयो । धरान आसपासका क्षेत्रमा उत्पादित अदुवाका साथै कोशी कोरिडोरअन्तर्गतका पहाडी जिल्लाबाट पनि ठूलो परिमाणमा अदुवा बजारमा आउने गरेको उहाँले जानकारी दिनुभयो । रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : स्वास्थ्यमा केही बाधा उत्पन्न हुन सक्ने भएकाले खानपानमा ध्यान दिनुहोला ।
वृष : बुद्धिमत्ताको प्रयोग गरेर विद्यार्थीहरुले आफ्नो शैक्षिक क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गर्नेछन् ।
मिथुन : पारिवारिक सुखसुविधाका सामाग्रीहरुमा केही धन खर्च हुन सक्नेछ ।
कर्कट : दाजुभाइ तथा इष्टमित्रबाट पूर्ण सहयोग मिल्नेछ ।
सिंह : स्वादिष्ट भोजनको स्वाद पाउने योग छ।
कन्या : आज मन प्रशन्न र शरीर उर्जावान रहनेछ।
तुला : अनावश्यक खर्च नियन्त्रण गर्न नसक्दा आर्थिक चुनौती महसुस हुन सक्छ ।
वृश्चिक : व्यवसायमा नयाँ सम्भावनाका ढोकाहरु खुल्नेछ ।
धनु : कार्यक्षेत्रमा उच्च पदस्थ व्यक्तिहरुको नजरमा तपाईको प्रशंसा हुनेछ ।
मकर : अध्यात्मतर्फको यात्रामा मन रमाउनेछ।
कुम्भः लुकेका शत्रुहरुबाट सचेत रहँदै आफ्नो जिम्मेवारीमा मात्र ध्यान दिनु होला ।
मीनः दाम्पत्य जीवनमा आपसी समझदारी र प्रेम अझ प्रगाढ बन्नेछ ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# राजावादी आन्दोलन घटनामा सिडिओसहित प्रहरीलाई कारवाहीको सिफारिस




टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय मानवअधिकार आयोगले २०८१ चैत १५ को काठमाडौँको तिनकुने भएको राजवादी आन्दोनलको घटनामा तत्कालीन सिडिओसहित प्रहरी अधिकारीलाई कारवाही गर्न सिफारिस गरेको छ ।

आयोगले बुधबार सार्वजनिक गरेको घटनासम्बन्धी छानबिन प्रतिवेदनमा काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी, नेपाल प्रहरीका तत्कालीन काठमाडौँ प्रहरी प्रमुख एसएसपी विश्व अधिकारी, एसपी अपिलराज बोहरा तथा सशस्त्र प्रहरी बलका एसपी शैलेश श्रेष्ठलाई कारबाही गर्न सिफारिस गरेको हो ।

यसलाई पहिलो बुँदामै राखिएको छ। एसएसपी अधिकारी हाल डीआईजी छन् । तीनकुनेमा २०८१ चैत १५ गते राजतन्त्र पक्षधर समूहले आयोजना गरेको प्रदर्शनका क्रममा हिंसात्मक घटना भएको थियो । घटनामा प्रदर्शनकारीतर्फबाट आगजनी, तोडफोडलगायतका गतिविधि भएका थिए भने सुरक्षाकर्मीले स्थिति नियन्त्रणमा लिन बल प्रयोग गरेका थिए । घटनामा मानवीय क्षतिसमेत भएको थियो । आयोगले उनीहरूले मानव अधिकार उल्लङ्घन हुनबाट रोक्ने आफ्नो पदीय जिम्मेवारी र कर्तव्य पालना गर्न उदासीनता देखाएको निष्कर्ष निकाल्दै नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (ख) बमोजिम विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरेको जनाएको छ ।

प्रतिवेदनअनुसार तीनकुनेमा प्रदर्शन हुने पूर्वजानकारी हुँदाहुँदै आयोजकका गतिविधिको सूक्ष्म र वस्तुनिष्ठ मूल्यांकन गरी आवश्यक सुरक्षा योजना बनाउन तथा त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सुरक्षा नेतृत्व असफल भएको आयोगको निष्कर्ष छ ।

जिल्ला सुरक्षा समितिबाट पारित एकीकृत विशेष सुरक्षा योजना २०८१ बमोजिम आवश्यक सुरक्षा बन्दोबस्ती र जनशक्तिको परिचालन गर्न नसक्दा घटना नियन्त्रणमा समस्या भएको आयोगले जनाएको छ। सुरक्षा निकायबीच आवश्यक समन्वय र तयारीको अभावसमेत देखिएको प्रतिवेदनमा उल्लेख छ।

आयोगले घटनाका क्रममा सुरक्षा निकायले म्याद नाघेका अश्रुग्यास व्यापक रूपमा प्रयोग गरेको विषयलाई समेत गम्भीर रूपमा उठाएको छ । सुरक्षा अधिकारीहरूसँगको बयानका क्रममा लामो समयदेखि बन्दोबस्तीका सामग्री खरिद नभएको तथा पर्याप्त स्रोतसाधनको अभावका कारण पुराना सामग्री प्रयोग गर्नुपरेको तथ्य खुलेको आयोगले जनाएको छ । म्याद नाघेका अश्रुग्यास प्रयोग गर्ने अवस्था आउनु सुरक्षा व्यवस्थापनको कमजोरी भएको उल्लेख गर्दै आयोगले सुरक्षा निकायलाई आवश्यक स्रोतसाधनले सम्पन्न बनाउन सरकारलाई सिफारिस गरेको छ । साथै म्याद नाघेका अश्रुग्यास तथा अन्य सामग्री प्रयोग नगर्न र नगराउनसमेत आयोगले भनेको छ।

घटनालगत्तै राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न टोली परिचालन गरी अनुगमन थालेको थियो । आयोगले घटनाको गम्भीरता र प्राप्त उजुरीलाई आधार बनाएर विस्तृत छानबिन अघि बढाएको जनाएको थियो ।

आयोगले तत्कालीन सुरक्षा अधिकारीमाथि कारबाहीको सिफारिस गर्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीका सम्बन्धित पदाधिकारीको समेत ध्यानाकर्षण गराएको छ । भविष्यमा यस्ता घटना दोहोरिन नदिन सुरक्षा योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा सुरक्षा निकायलाई आवश्यक स्रोतसाधन उपलब्ध गराउन आयोगले आग्रह गरेको छ ।

दुर्गा प्रसाईलाई कारबाही तथा मृतक पत्रकार सुरेश रजक र सबिन महर्जनको परिवारलाई राहत दिन सुझाव यसैगरी समितिले आन्दोलनका अगुवा दुर्गा प्रसाईंसहितका आयोजकलाई कानुनी कारबाहीको दायरामा ल्याउन, पीडितहरूलाई उचित क्षतिपूर्ति दिन र पत्रकार सुरेश रजक र सबिन महर्जनको परिवारलाई राहत क्षतिपूति दिँदै मृत्यु प्रकरणमा उच्चस्तरीय अनुसन्धान गर्न सिफारिस गरेको छ ।

आन्दोलनका मुख्य आयोजक दुर्गा प्रसाईंसहित नेता तथा कार्यकर्ताहरूले प्रदर्शनपूर्व, प्रदर्शनका दौरान र त्यसपछि सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा दिएका उत्तेजक अभिव्यक्तिहरूले भीडलाई भड्काएको ठहर गरिएको प्रतिवेदनमा गरिएको छ । २५ पेजमा तयार भएको यो प्रतिवेदनमा २६ वटा विभिन्न निर्णयहरु राखिएको छ ।

## एमालेले मंसिरको पहिलो साता राष्ट्रिय भेला गर्ने



टुडे समाचारदाता

जनकपुरधाम । नेकपा एमाले स्थायी कमिटीको प्रथम बैठकले वडा र पालिका तहका कमिटीको अधिवेशनको मिति तयसहित आगामी मंसिर पहिलो साता राष्ट्रिय भेला आयोजना गर्ने निर्णय गरेको छ ।

असोज २२ गतेदेखि अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा तीन दिनसम्म बसेको बैठकले केन्द्रीय कमिटीमा मनोनयन, स्थानीय तहका कमिटीका अधिवेशन तथा राष्ट्रिय भेलालगायतका विषयमा निर्णय गरेको एमालेले जनाएको छ ।

बैठकले पार्टीका वडास्तरका कमिटीको अधिवेशन आगामी मंसिर २६ गते र नगर तथा गाउँपालिका तहका कमिटीको अधिवेशन पुस ४ गते गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख निरज आचार्यले जानकारी दिए ।

त्यस्तै, मंसिर पहिलो साता राष्ट्रिय भेला आयोजना गर्ने निर्णय भएको छ । भेलामा प्रदेश कमिटीका पदाधिकारी, जिल्ला कमिटीका पदाधिकारी, पालिका कमिटीका अध्यक्ष तथा उपाध्यक्ष र सबै तहका जनप्रतिनिधिको सहभागिता रहने प्रचार विभाग प्रमुख आचार्यले बताए ।

पालिका र वडा अधिवेशन सम्पन्न भएपछि प्रदेशस्तरीय भेला आयोजना गर्ने निर्णयसमेत बैठकले गरेको छ । बैठकले १३ जना नेताहरूलाई केन्द्रीय कमिटी सदस्यमा मनोनीति गर्ने निर्णय समेत गरेको छ।

मनोनयन हुनेमा सिर्जना राई (भोजपुर), सावित्रा अर्याल (रुपन्देही), इन्दु कडरिया, विष्ट (कञ्जनपुर), सीता पंगेनी (नवलपुर), सीता अधिकारी (पाल्पा), डा.पुष्पा केसी भण्डारी (कास्की), धर्मनाथ प्रसाद साह (सिराहा), तेजमान कन्दङ्वा (तेह्रथुम), टंक आङ्वोहाङ (ताप्लेजुङ), नविन रोक्का (रोल्पा), मीनप्रसाद गुरुङ (स्याङ्जा), डवल पाण्डे (दोलखा) र तेजेन्द्र केसी (रुपन्देही) रहेका छन् ।

## पिएसओलाई फिर्ता हुन बोलाउन गृहको निर्देशन

टुडे समाचारदाता

काठमाण्डू । संघीय सरकारले विशिष्ट व्यक्तिहरूको सुरक्षाका नाममा कार्यविधि विपरीत खटाइएका व्यक्तिगत सुरक्षाकर्मी (पीएसओ) लाई फिर्ता बोलाएको छ । गृह मन्त्रालयले शनिवार एक सूचना जारी गरी उनीहरूलाई तत्काल फिर्ता बोलाउन निर्देशन दिएको हो ।

साथै, सुरक्षाकर्मीलाई सुरक्षा जिम्मेवारी बाहेक व्यक्तिगत तथा घरायसी काममा लगाइएको पाइएमा उजुरी गर्न सर्वसाधारण तथा खटिएका सुरक्षाकर्मीसँग आग्रह पनि गरिएको छ ।

'अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०८१' अनुसार बहालवाला तथा पूर्व कर्मचारी एवम् सुरक्षाकर्मीहरूले पाउने व्यक्तिगत सुरक्षाकर्मीको स्पष्ट व्यवस्था रहेको स्मरण गृहले गराएको छ । तर पछिल्लो समय कार्यविधिको व्यवस्था उल्लङ्घन गर्दै सुरक्षाकर्मीहरूलाई व्यक्तिगत वा घरायसी काममा प्रयोग गरिएको व्यापक गुनासो आएको मन्त्रालयको सूचनामा उल्लेख छ ।

मन्त्रालयले सम्बन्धित सुरक्षा निकायहरूलाई कार्यविधि विपरित खटाइइएका वा राखिएका सबै सुरक्षाकर्मीलाई अनिवार्य रूपमा आ-आफ्नो दरबन्दी रहेको कार्यालयमा फिर्ता पठाउन ७ दिनको सीमा दिइएको छ ।

निर्देशन तथा कार्यविधि विपरीत सुरक्षाकर्मी खटाएको पाइएमा खटाउने सम्बन्धित अधिकृत तथा पदाधिकारीलाई कारबाही गरिने मन्त्रालयको चेतावनी छ ।

# २३० जनाको मोतिबिन्दुको अपरेशन

टुडे समाचारदाता

वीरगञ्ज । पर्साका विभिन्न स्थानीय तहमा सञ्चालन गरिएको बृहत् आँखा शिविरबाट २३० जना लाभान्वित भएका छन् । शिविरमा मोतियाबिन्दु पहिचान भएका बिरामीको आँखाको अपरेशन गरिएको हो ।

ग्रामीण क्षेत्रका आँखाका बिरामीलाई लक्षित गरी नेपाल आँखा कार्यक्रम, सामुदायिक आँखा अस्पताल हेटौंडा र तिलगंगा सामुदायिक आँखा केन्द्र निचुटाको आयोजनामा तथा पटेर्वा सुगौली गाउँपालिकाको समन्वयमा शिविर सञ्चालन गरिएको थियो ।

जगरनाथपुर, पोखरिया, ठोरी, जिराभवानी, सखुवा प्रसौनी र पटेर्वा सुगौली गाउँपालिकालगायतका क्षेत्रमा असोज १७ देखि २१ गतेसम्म मोतियाबिन्दु छनोट शिविर सञ्चालन गरिएको थियो। छनोटमा परेका बिरामीको असोज २२, २३ र २४ गते निचुटा स्वास्थ्य चौकीमा शल्यक्रिया गरिएको स्वास्थ्य चौकीका अधिकृत प्रमोद कर्णले जानकारी दिए ।



शल्यक्रिया गरिएकामध्ये ५५ जनाको फेको प्रविधि र १७५ जनाको सिक्स प्रविधिबाट उपचार गरिएको थियो। नेपाल आँखा कार्यक्रमसँगै अस्ट्रेलियन एड र द फ्रेड होलोज फाउन्डेसनको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको हो ।

पटेर्वा सुगौली गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख भुजेन्द्र प्रसाद यादवका अनुसार शिविरले ग्रामीण क्षेत्रका आँखाका बिरामीलाई उपचारको पहुँचमा ल्याउन सहयोग गरेको छ । कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवाज हुसेन, वडाध्यक्ष बासु पजियार र फरमान मिया अंसारीलगायतको उपस्थिति थियो। उनीहरूले शल्यक्रिया गराएका बिरामीको शीघ्र स्वास्थ्यलाभको कामना गरेका थिए । शिविरमा उपचारका क्रममा फेको प्रविधिबाट शल्यक्रिया गराउने बिरामीले प्रतिव्यक्ति ८ हजार २०० रुपैयाँ तिरेका छन् ।

शिविरका इन्चार्ज तारकेस चौधरीका अनुसार फेको प्रविधिबाट एक जनाको शल्यक्रिया गर्दा १५ हजार ४०० रुपैयाँ खर्च लाग्नेमा ७ हजार २०० रुपैयाँ छुट दिइएको थियो। छुटपछि बिरामीबाट ८ हजार २०० रुपैयाँका दरले शुल्क लिइएको उनले बताए ।

चौधरीका अनुसार शिविर सञ्चालनका लागि पटेर्वा सुगौली गाउँपालिकाले पाँच लाख रुपैयाँ सहयोग गरेको थियो । अन्य स्थानीय तहबाट भने आर्थिक सहयोग प्राप्त नभएको उनको दाबी छ ।

गाउँपालिकाले उपलब्ध गराएको रकम खाना, नास्ता, बसोबास र टेन्ट व्यवस्थापनमा खर्च गर्ने प्रयोजनका लागि रहेको उल्लेख गर्दै चौधरीले उक्त रकमको अन्य विषयमा आफ्नो थप सरोकार नरहेको बताए ।

ग्रामीण क्षेत्रमा आँखासम्बन्धी उपचारको पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएको शिविरमा शल्यक्रियासँगै बिरामीलाई सहुलियतमा उपचार सेवा उपलब्ध गराइएको आयोजकले जनाएको छ।

# लागूऔषधविरुद्ध समाज सुधार्न समिति गठन

टुडे समाचारदाता

रौतहट । रौतहटको मौलापुर नगरपालिका-१ मर्यादपुरका स्थानीयवासी लागूऔषध दुर्व्यसन र सामाजिक विकृतिविरुद्ध सामूहिक अभियान सञ्चालन गर्न अघि सरेका छन् । गाउँमा बढ्दो कुलत नियन्त्रण गर्दै युवालाई गलत बाटोमा जानबाट रोक्ने र सामाजिक अनुशासन कायम गर्ने उद्देश्यले स्थानीयस्तरमा समाज सुधार समिति गठन गरिएको छ ।

स्थानीय जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, किसान तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागितामा भएको बैठकले लागूऔषध नियन्त्रणलाई प्राथमिकतामा राख्दै गाउँमा सकारात्मक र मर्यादित वातावरण निर्माण गर्ने निर्णय गरेको हो ।

समाज सुधारको अभियान अरूलाई उपदेश दिनेमा मात्र सीमित नराखी आफूबाटै सुरु गर्ने प्रतिबद्धतासमेत बैठकमा व्यक्त गरिएको छ। समितिमा आबद्ध व्यक्तिले चुरोट, खैनीलगायत कुनै पनि नशालु पदार्थ सेवन नगर्ने र प्रतिबद्धता उल्लङ्घन गरेमा ५ हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने निर्णय गरिएको सहभागी भोला पाण्डेले जानकारी दिए ।



त्यस्तै, गाउँमा गाँजा, चरेस, वाटर गनलगायत लागूऔषध तथा नशालु पदार्थ सेवन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न पनि स्थानीयस्तरमा कडाइ गर्ने निर्णय भएको छ ।

लागूऔषध दुर्व्यसनले युवाको भविष्य, पारिवारिक सम्बन्ध र सामाजिक वातावरणमा नकारात्मक असर पार्न सक्ने भएकाले यसको नियन्त्रणमा प्रहरी तथा प्रशासनको कारबाहीसँगै समुदायको सक्रियता पनि महत्त्वपूर्ण मानिन्छ। यही बुझाइका साथ मर्यादपुरका बासिन्दाले गाउँबाटै सुधारको पहल थालेका हुन् ।

युवालाई दुर्व्यसनबाट जोगाउन जनचेतना, अभिभावकको निगरानी, सकारात्मक गतिविधिमा सहभागिता र आवश्यक परेकालाई परामर्श तथा उपचारको पहुँच सुनिश्चित गर्नु पनि उत्तिकै जरुरी देखिन्छ । अभियानलाई निष्पक्ष, कानुनसम्मत र निरन्तर बनाउन सके स्थानीय प्रयास प्रभावकारी बन्न सक्छ ।

बैठकमा मौलापुर नगरपालिकाका उपप्रमुख नागेन्द्र यादव, वडा नम्बर १ का अध्यक्ष जयनाथ कुशवाहा, मेयरका प्रत्याशी रामाप्रवेश यादव, कृष्ण तिवारीलगायत स्थानीय जनप्रतिनिधि, समाजसेवी, किसान, बुद्धिजीवी र नागरिक समाजका प्रतिनिधिहरू सहभागी थिए ।

समिति गठनसँगै मर्यादपुरमा लागूऔषध दुर्व्यसन नियन्त्रण, सामाजिक विकृति न्यूनीकरण र गाउँमा शान्ति तथा सद्भाव कायम गर्ने अभियानलाई अघि बढाउने तयारी गरिएको छ । स्थानीयको यो पहलले निरन्तरता पाएमा समाज सुधारमा सामूहिक जिम्मेवारी र सहभागिता बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## जनमतले गरे समितिहरु गठन




टुडे समाचारदाता

जनकपुरधाम । महाधिवेशन सकिए लगतै जनमत पार्टीले विशेष समिति गठन गर्दै समितिका पदाधिकारीहरूसमेत चयन गरेको छ ।

दोस्रो महाधिवेशनबाट निर्वाचित कार्यकारिणी समितिको पहिलो बैठकले उक्त विशेष समिति गठन गरेको पार्टीका अध्यक्ष डा. सीके राउतले जानकारी दिएका छन् ।

गठित समितिअनुसार केन्द्रीय अनुशासन समितिको संयोजकमा उपाध्यक्ष नरेन्द्र चौधरी चयन भएका छन् । उक्त समितिको सचिवमा अनिताकुमारी मण्डल र सदस्यमा सत्यनारायण खड्ग खत्वे रहेका छन्। त्यस्तै केन्द्रीय पुनरावेदन समितिको अध्यक्षमा सञ्जयकुमार मिश्र, सचिवमा प्रियंकाकुमारी सन्त र सदस्यमा विरेन्द्र महतोलाई चयन गरिएको छ ।

सञ्जयकुमार सिंहको अध्यक्षतामा पाँच सदस्यीय केन्द्रीय निर्वाचन समितिसमेत गठन गरिएको छ। उक्त समितिको सदस्य सचिवमा राजेशकुमार मण्डललाई राखिएको छ ।

शिवनाथ पटेलको संयोजकत्वमा केन्द्रीय विवाद समाधान समिति गठन गरिएको छ, जसको सचिवमा दुष्यन्त कर्ण रहेका छन्। यसैगरी राजेशप्रसाद साहको संयोजकत्वमा केन्द्रीय लेखा समिति गठन गरिएको छ, जसको सचिवमा श्यामशङ्कर चौर सिया रहेका छन् । अन्य विभाग, मोर्चा तथा परिषद्हरू भने गठन गर्न बाँकी नै रहेको अध्यक्ष राउतले बताएका छन् ।

## पश्चिम सुर्खेतमा १८ थान भरुवा बन्दुक फेला

कर्णाली । सुर्खेत पश्चिममा पर्ने चौकुने र बराहताल गाउँपालिकाका विभिन्न स्थानमा १८ थान भरुवा बन्दुक प्रहरीले फेला पारेको छ ।

विशेष सूचनाका आधारमा यही असोज २३ गतेका दिन पञ्चपुरी नगरपालिकास्थित इलाका प्रहरी कार्यालय बाबियाचौर सुर्खेतका प्रहरी निरीक्षक भूपेन्द्र शाहीसहित मातहत इलाका प्रहरी कार्यालय गुटुसमेतबाट खटिएको प्रहरी टोलीले चौकुने गाउँपालिका-७ सुर्खेतस्थित सान्नेघारीको जङ्गलमा लुकाइछिपाइ राखेका अवस्थामा पाँच थान भरुवा बन्दुक फेला पारेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कविन्द्रसिंह बोहोराले जानकारी दिनुभयो ।

त्यसैगरी, अस्थायी प्रहरी चौकी लगामबाट खटिएको प्रहरी टोलीले चौकुने गाउँपालिका-१ सुर्खेत धामिसेनस्थित जङ्गलमा लुकाइछिपाइ राखेको छ । रासस

# मौसम सुधार भएपछि धौलागिरि आरोहण पुनःसुरु

म्याग्दी । मौसममा सुधार आएपछि धवलागिरि हिमालको चालु शरदयामको आरोहण पुनःसुरु भएको छ । प्रतिकुल मौसमका कारण असोजको पहिलो साता आधार शिविरबाट फर्किएको आरोहण टोली मौसममा सुधार आएसँगै पुनःआधार शिविर पुगेका हुन् ।

विश्वको सातौँ (८,१६७ मिटर) अग्लो धौलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मुदीको भूगोलमा पर्छ। डोरी टाँग्ने (रोप फिक्सिङ) टोली क्याम्प दुईभन्दा करिब ४०० मिटरमाथि पुगेको सेभेन समिट ट्रेकका प्रबन्ध निर्देशक थानेश्वर गुरागाईंले बताउनुभयो । "हाम्रो कम्पनीका नेपाली र विदेशी १४ जनालाई प्रतिकूल मौसमका कारण हेलिकप्टरबाट उद्धार गरेर असोज ८ गते पोखरा ल्याएका थियौँ", उहाँले भन्नुभयो, "मौसम सुधार भएपछि अक्टोबर १ मा पोखराबाट हिँडेको टोली आधार शिविरबाट चुचुरोतर्फ अघि बढेको छ ।"



असोज ८ देखि ११ गतेसम्म अविरल वर्षासँगै भारी हिमपात हुँदा आधार शिविर हिउँले पुरिएपछि पर्वतारोहीको टोली आरोहण स्थगित गरी फर्किएको थियो । मौसममा सुधार आएसँगै आधार शिविरमा खटिएको टोलीले हिउँ हटाउने, शिविर व्यवस्थित गर्ने र आरोहणका लागि आवश्यक तयारी पूरा गरेपछि पुनःआरोहण सुरु गरेको टोली प्रमुख लाक्पा शेर्पाले सामाजिक सञ्जालमार्फत जानकारी दिनुभएको छ ।

"हाल हिउँ जमेर कडा र स्थिर अवस्थामा रहेकाले हिँडडुल गर्न अनुकूल छ", उहाँले भन्नुभयो, "भारी हिमपातपछि अस्थिर हिउँको ठूलो हिस्सा हटेकाले हिमपहिरोको जोखिम पनि अहिले तुलनात्मक रूपमा कम छ ।" शरदयाममा धवलागिरि हिमाल आरोहणका लागि चार समूहका २६ पुरुष र १० महिला गरी ३६ जनाले अनुमति लिएका पर्यटन विभागका शाखा अधिकृत सुधार रेग्मीले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । धौलागिरि आरोहण अनुमतिवापत रु ८२ लाख ४२ हजार ५० दस्तुर सङ्कलन भएको पर्यटन विभागले जनाएको छ । पर्वतारोहीहरूको समन्वय गर्दै आउनुभएका म्याग्दीको दानाका ब्यवसायी इन्द्रसिंह शेरचनले अन्य कम्पनीका पर्वतारोहीको टोली पनि धौलागिरिको आधार शिविर पुगिसकेको बताउनुभयो ।

गत वसन्तयाममा धौलागिरि आरोहणका लागि दुई समूहका आठ महिलासहित १७ जनाले अनुमति लिएका थिए भने । छिनछिनमै परिवर्तन भइरहने मौसम धवलागिरि आरोहणको प्रमुख चुनौती हो । अन्य हिमालको तुलनामा धवलागिरि आरोहण बढी जोखिमपूर्ण, कठिन र साहसिक मानिन्छ ।

सन् १९६० मे १३ मा म्याक्स आइसेलिनको नेतृत्वमा रहेको स्वीस-अस्ट्रियाली संयुक्त आरोहण दलले धौलागिरि हिमालको शिखरमा पहिलोपटक पाइला राखेपछि यहाँ आरोहण सुरु भएको थियो । आरोहण सुरु भएको ६६ वर्षको अवधिमा ७३३ जना पर्वतारोही धौलागिरि शिखरमा पुगिसकेको विवरण छ ।

धवलागिरिमा हिमाल आरोहणका साथै पर्यटकहरू 'राउन्ड धवलागिरि' पदयात्राका लागि पनि जाने गर्छन् । बगर, सल्लाघारी, इटाली आधार शिविर, जापानी आधार शिविर, धवलागिरि आधार शिविर, हिटिनी भ्याली आधार शिविर र याकखर्क हुँदै मुस्ताङको मार्फामा पुगेर नौ दिनमा टुङ्गिन्छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# विभेदकारी संघीय सरकार

मधेश प्रदेश सरकारको सफल योजनाहरु मध्येको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पछिल्लो समय भएको एकजना युवकको मृत्युले सबैको ध्यानाकर्षण गरेको छ। जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १४ मुजेलियादेखि स्कुटीमा प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पतालमा सर्पले टोकेका एकजना युवक आएका थिए । अस्पतालको इमर्जेन्सीमा उनको उपपचार पनि शुरु भयो। तर उनको स्थिति बिग्रदै गयो । चिकित्सकहरुले उनलाई तत्काल आइसीयूमा राख्नुपर्ने बताए। अस्पतालमा रहेका १० वटा आइसीयूको शैयूया खाली थिएन। युवकको स्थिति झन बिग्रिरहेको थियो। आइसीयूमा बेड खाली नभएपछि चिकित्सकहरुले उनलाई आइसीयू भएको अस्पतालमा उपचार गराउन रेफर गरे। तर उपचार सम्भव भएन। सर्पदंश उपचार केन्द्रसम्म उनी पुग्दा चिकित्साकर्मीले मृत घोषित गरे। यो असामान्य घटनाले अस्पतालको अवस्था र त्यहाँको व्यवस्थापनको चर्को आलोचना भइरहेको छ। त्यो अस्वभाविक होइन। प्रादेशिक अस्पतालमा चिकित्सा शास्त्रको स्नातक र स्नातकोत्तर तहको अध्यापन पनि भइरहेको छ। चिकित्सकहरुको अध्यापनले अस्पतालमा चिकित्साकर्मीहरुको अभावलाई धैरै हदसम्म कम गरेको छ। बिरामीको चाप पनि अत्यधिक बढेको छ। अस्पतालको स्वीकृत बेड एक सयभन्दा झण्डै चार गुणाबढी चार सय बेडमा बिरामीहरुको भर्ना हुन थालेको छ। दैनिक ओपीडीमा जाँच गराउने बिरामीको संख्यामा भारी बृद्धि भएको छ। अप्रेशनको संख्यामा पनि उल्लेख्य वृद्धि भएको छ। अस्पतालमा रहेका स्वास्थ्य सम्बन्धी उपकरणहरु निजी क्षेत्रको भन्दा कयौँ गुणस्तरीय र आधुनिक छन्। स्नात्तकोत्तरका चिकित्सकहरुलाई अध्यापन गराउने प्राध्यापकहरु अस्पतालमा छन्। तैपनि बिरामीको उपचारमा लापरबाही भएको आरोप लाग्ने गरेको छ। यसको प्रमुख कारण संघीय सरकारको विभेदकारी नीति हो। अस्पतालमा सञ्चालित चिकित्सा शास्त्र अध्ययन तर्फका विद्यार्थीहरु मध्ये ७५ प्रतिशतले पूर्ण छात्रवृत्तिमा अध्ययन गर्छन्। उनीहरुलाई छात्रवृत्तिको रकम संघीय सरकारले उपलब्ध गराउनुपर्ने हो। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान बाहेक अन्य सरकारी कलेजहरुमा संघीय सरकारले वार्षिक रुपमा नै छात्रवृत्ति वापतको रकम उपलब्ध गराउँदै आएको छ। प्रदेश सरकारले उपलब्ध गराउने बजेटबाट नै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले छात्रवृत्ति तर्फ लाग्ने रकम भर्दै आएको छ। अस्पतालमा बेड, उपकरण, आइसीयू लगायतको क्षमता विस्तारलगायतका कार्यहरु गर्न बजेटको चरम अभाव छ। ओपीडी लगायतका सेवाहरु प्रदान गरेवापत बिरामीहरुबाट लिने शुल्कले नै अस्पताल सञ्चालन भइरहेको छ। संघीय सरकारले अन्य सरकारी शिक्षण अस्पतालहरुमा वार्षिक रुपमा उपलब्ध गराउँदै आएको छात्रवृत्ति रकम मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पनि उपलब्ध गराउनु पर्छ। संघीय सरकारले गरिरहेको विभेदको अन्त्य हुनुपर्छ। त्यसका लागि मधेश प्रदेशको राजधानीका नेता, जनप्रतिनिधिलगायतका निकायहरुले जोडदार रुपमा आवाज उठाउन आवश्यक छ

# शैलपुत्री : माँ दुर्गाको पहिलो शक्ती

*वन्दे वांछितलाभाय चन्द्रार्धकृतशेखराम्।*
*वृषारूढां शूलधरां शैलपुत्रीं यशस्विनीम्॥*

वडा दशैंमा दुर्गा भवानीको पहिलो पुजा माता शैलपुत्रीको रुपमा हुन्छ ।दूर्गा पुजालाई नवरात्रीपनि भनिन्छ ।दूर्गा भवानीको नौ स्वरुपको नौ दिन पुजा हुने क्रममा पहिलो दिन शैलपुत्रीको पुजा गरिन्छ ।वडा दशैंमा पहिलो दूर्गा शैलपुत्रीलाई मानिएको छ ।पर्वतराज हिमालय को घरमा पुत्रीको रूपमा उत्पन्न भएको कारण 'शैलपुत्री' नाम राखिएको धर्मशास्त्रहरुमा उल्लेख छ। नवरात्री पुजामा पहिलो दिन शैलपुत्रीको पूजा , उपासना गरिन्छ। प्रथम दिन को उपासनामा योगी आफ्नो मनलाई 'मूलाधार' चक्रमा केन्द्रित गर्छन्। यहाँबाट नै योग साधना प्रारंभ हुन्छ। वृषभ स्थित माता शैलपुत्रीको दाहिने हाथमा त्रिशूल बायाँ हातमा कमल-पुष्प सुशोभित छ। आफ्नो पूर्व जन्ममा शैलपुत्री प्रजापति दक्षको कन्याको रूपमा प्रकट भएकी थिईन्। त्यती बेला उनको नाम सती थियो। माता शैलपुत्रीको बिबाह भगवान शंकर सित भएको थियो।

एक पटक प्रजापति दक्षले एउटा विशाल यज्ञ गरेका थिए ।त्यस महायज्ञमा उनले सबै देउताहरुलाई आ-आफ्नो यज्ञ भाग प्राप्त गर्न आमन्त्रित गरे ।तर उनले भगवान शिवलाई त्यो विशाल महायज्ञमा आमन्त्रित गरेनन् ।सतीले पिता प्रजापतिले विशाल महायज्ञ गरिरहेको खवर थाहा पाएपछि उनलाई पनि त्यसमा सहभागि हुन कौतुहलता भयो ।आफ्नो पिताले गर्न लागेको महायज्ञमा सहभागि हुन उनको तिव्र ईच्छा भयो।

माता सतीले आफ्नो पिताले आयोजन ।गर्न लागेको विशाल यज्ञमा सहभागि हुने आफ्नो ईच्छा भगवान शंकर समक्ष राखिन् ।सतीको ईच्छा बुझेपछि भगवान शिवले आफ्लाई निम्तो नदिने कारण खोतल्ने प्रयास गरे। उनले कुनै कारण प्रजापति आफूहरुसित असन्तुष्ट रहेकाले हामीलाई आमन्त्रण नगरेको हुन सक्ने माता सतीलाई जानकारी गराईन्।

उहाँले भन्नुभयो, प्रजापतिले सबै देउताहरुलाई आमन्त्रित गरी उनीहरुलाई भागपनि समर्पित गरेका छन् ।तर हामीलाई उहाँले जानेर नै नबुलाएका हुन् ।'सबै देउताहरुलाई आमन्त्रण गरी भाग दिएका प्रजापतिले हामीलाई सुचना समेत दिएका छैनन् ।यस्तो अवस्थामा तिमीलाई त्यहाँ जानु श्रेयस्कर होईन्।

आफ्नै पिताले नबोलाएको स्थानमा जानु कुनै दृष्टिकोणले उपयुक्त नभएको भगवान शिवले माता सतीलाई भने। भगवान शंकरको यो उपदेशले माता सतीलाई प्रभावित गर्न सकेन्। माईतीप्रतिको अपनत्वलाई उनले क मगर्न सकेन्।

पिताले आयोजन ।गर्न लागेको महायज्ञ हेर्ने, आमा र बहिनीसित भेंटने उनको कौतुहलतालाई भगवान शंकरको वचनले शान्त गर्न सकेन् ।सतीको आग्रह र माईतीप्रतिको प्रेमलाई हेरेर भगवान शंकर प्रभावित भए। सतीको भावनालाई दृष्टिगत गरी भगवान शिवले उनलाई प्रजापतिको



महायज्ञमा सहभागि हुने अनुमति दिए।

सती पिताको घर पुग्दा उनलाई अनौठो र खल्लो महसुस हुन थाल्यो ।उनी त्यहाँ पुग्दा कसैले उनलाई आदर र प्रेमपूर्ण सम्मान दिएन् ।कसैले पनि वास्ता गरेको उनलाई लागेन्। कसैले उनीसित प्रेमपूर्ण बातचित समेत गर्न चाहिरहेका थिएनन् ।उनलाई हेरेपछि मुख फेर्ने गरेका थिए ।यद्यपी उनकी आमाले स्नेहपूर्ण ढंगले उनलाई अंगालो हालिन् ।तर बहिनीहरुले उनको उपहासगर्दै व्यंग गरिरहेका थिए।

परिजनको व्यवहारबाट सतीलाई अत्यन्त हिनताबोध भयो ।उनको मनमा ठूलो अघात पऱ्यो ।चतुर्दिक भगवान शंकरजीप्रति त्यहाँ तिरस्कारको भाव उनले देखिन् ।आफ्नै पिताले पनि भगवान शंकरप्रति अपमानजनक शब्दको प्रयोग गरेको उनलाई साह्रै चित बुझेन्।

यी सबै अपमानजनक व्यवहार हेरेपछि उनको मनमा ग्लानी, पश्चाताप र क्रोध जागृत भयो ।उनलाई पश्चाताप हुन थाल्यो ।भगवान भोलेनाथको उपदेश नमानी यहाँ आउनु ठूलो भूल गरेको सतीलाई महसुस हुन थाल्यो ।उनलाई लाग्यो मैले ठूलो गल्ती गरे।

उनले आफ्नो पति भगवान शिवशंकरको अपमानलाई सहन गर्न सकिनन् ।उनले आफ्नो त्यो रुपलाई योगाग्निद्वारा तत्क्षण नै जलाएर भष्म गरिन् ।सतीको भष्मको खवरले भगवान शंकर अत्यन्त क्रोधित भए ।उनले तत्काल नै आफ्ना गणहरुलाई प्रजापतिको यज्ञ स्थलमा पठाएर विध्वंस मच्चाए ।यज्ञ पूर्ण रुपमा ध्वस्त भयो।

सतीले योगाग्निद्वारा आफ्नो शरीरलाई भस्म गराई अगामी जन्ममा शैलराज हिमालयको पुत्रीको रूपमा जन्म लिईन् ।यस पटक उनी 'शैलपुत्री' नामले विख्यात हुईन। पार्वती, हैमवती पनि उनकै नाम हो। उपनिषदको एउटा कथा अनुसार शैलपुत्रीले नै हैमवती स्वरूपले देवताको गर्व-भंजन गरिन्।

# अदम्भ साहस र बहादुरीका प्रतीक स्मित मच्छार



● श्रीमन नारायण

युनाईटेड अरब इभिरेटसको दुबईबाट इजरायलको तेलअभिभका लागि उड्दै गरेको फलाई दुबई को विमानमा रहेका १५० जनाभन्दा पनि बढी इजरायली नागरिकको ज्यान लिने अथवा त्यस विमानलाई अपहरण गरी कुनै तेस्रो देशमा पुऱ्याई इजरायलसामु जथाभवी शर्त राख्ने मनसायलाई त्यस विमानका क्याप्टेन (चालक) ले असफल पारिदिएका छन्। उक्त विमानको सहचालक बनेर विमानको ककपिटमा प्रवेश गरेका ओमानी नागरिक विमानलाई अपहरण गर्न खोजेका थिए। ओमानी सहचालकले विमानका चालक स्मित मच्छारको हत्या गरी विमानलाई अपहरण गर्न खोजेका थिए। यसको निम्ति उनले विमानका चालक माथि धारिलो हतियार बन्चरोले प्रहार गरेर उनलाई घाइते बनाए। जतिसुकै घाइते र रक्तामय भएपनि क्यापटन मच्छारले ककपिट (घटनास्थल) को बन्द स्टिल ढोका खोल्न सफल भए त्यसपछि एक जना यात्रु र अर्का चालकले विमान अपहरण गर्न खोज्ने सहचालकलाई काबुमा लिन सफल भए। उत्तर पश्चिम साउदी अरेवियाको ताबुक विमानस्थलमा उक्त विमानले ७ बजेतिर आकस्मिक अवतरण गरेको थियो।

स्मित मच्छार भारतीय मूलका नागरिक हुन र विगत केही वर्ष यतादेखि फलाई इभिरेटस मा काम गर्दछन्। सन् २०२२ देखि अनुभवी पाइलटको रुपमा फलाई दुबईमा आबद्ध भएका क्याप्टेन मच्छार भारतको मुम्बई शहरमा हुर्किएका थिए। अहिले पनि उनका अभिभावकहरु मुम्बईमा नै बसोवास गर्छन। सन् २००८ मा उनी न्यूजिल्याण्डको ड्यूनेडियन शहरमा अवस्थित मेनल्याण्ड एयरको एभिएसन कलेजमा भर्ना थिए ।त्यसको तीन वर्षपछि उनले भारतीय एयरलाइन स्पेशजेट मा पाइलट भएर काम शुरु गरे। उनको अदम्य साहसको विश्वभरि प्रशंसा नै भईरहेको छ। इजरायलका प्रधानमन्त्री बेन्जानिन न्यातेन्याहु र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले उनको बहादुरीको उच्च प्रशंसा गरेका हुन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले त उनीसित वार्ता गरी उनको कुशलक्षेम पनि सोधका छन्। इजरायलका प्रधानमन्त्री बेन्जामिन न्यातेन्याहुले पनि उनीसित फोन वार्ता गरी उनको अदम्य



साहसको प्रशंसा गर्दै इजरायलको सर्वोच्च नागरिक सम्मानबाट सम्मानित गर्ने संकेत दिएका छन्।

फलाई दुबईको विमान एफजेट १०७३ युएईको दुबई अन्तर्राष्ट्रिय विमानस्थलबाट जीएमटी ३.०५ मा बेन गुरिद्धन विमान स्थल इजरायलका लागि प्रस्थान गरेको थियो। उक्त विमानमा कम्तिमा पनि १७४ जना यात्रुहरु थिए। नेतत्याहुले लगभग सबै इजरायली भएको बताएका छन्। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले वास्तविक नायकका रुपमा चित्रण गरेका स्मित मच्छारलाई हाल उत्तर पश्चिम साउदी अरेवियाकी ताबुक शहरको अस्पतालमा उपचारका लागि लगिएको छ। हाल उनको अवस्था सधारोन्मुख छ।

रगतले लत्पतिएर ककपिटको भुईमा लडिरहेकै अवस्थामा मच्छारले ककपिटको ढोका खोली षडन्त्र असफल पारे। उनको संयमताले यात्रु र चालक दलका सदस्य ककपिटभित्र पस्न, आक्रमणकालीलाई नियन्त्रणमा लिन र विमानमा सवार १७४ यात्रुको ज्यान बचाउनु सम्भव भयो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सामाजिक सन्जाल एक्समा गरिएको एक पोष्टमा मच्छारको प्रशंसा गर्दै उनलाई नायक भनेका छन्। अत्यन्तै गम्भीर खतराको सामना गर्दा र गम्भीर रुपमा घाइते हुँदा पनि चालकले अरुको ज्यान बचाउन अदमभसाहस र दृढ संकल्प प्रदर्शन गरे। उनको वीरताले सबैको ज्यान बचाउन र ठूलो दुर्घटना टार्न मद्दत गऱ्यो भन्दै स्मित मच्छारको निकै प्रशंसा गरेका छन्।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतत्याहुले स्मित मच्छारको कार्यबाट अत्यन्त प्रभावित भई उनको प्रशंसा गर्ने भनेका छन् "धारिलो हतियारबाट गम्भीर घाइते भएर पनि उनले प्रतिवाद गरे, संघर्ष गरे, ककपिटको ढोका खोलेर यात्रुहरुको ज्यान जोगाए।" ओमानी आक्रमणकारीले विमानका चालकलाई धारिलो हतियारले प्रहार गरी जेटलाई ३० सेकेन्डभन्दा पनि कम समयमा १४ हजार फिट तल झारे। त्यसको केही समयपछि नै आक्रमणकारीलाई नियन्त्रणमा लिन मद्दत गर्न केही यात्रु ककपिट भित्र प्रवेश गर्न सफल भए। विमानका चालकको हत्या गरेर विमानलाई अपहरण गर्ने मानसिकतामा भरसक आक्रमणकारी थिए। चालक मच्छारले साहस नगरेका भए सबै यात्रको ज्यान जाने थियो। विमानमा थप दुई जना रिलिफ पाइलट (अर्को उडानका लागि खटिएका) सवार थिए। विमानको राडारको अधिकांश हिस्सा उफ्किने गरी अत्याधिक तीब्रगतिमा झर्दा पनि विमान भने दुर्घटनाग्रस्त भएन।

यस घटनाले कतिपय नयाँ प्रश्नहरुपनि जन्म दिएका छ साथै गुड टेरर र व्याड टेरर भनेर आतंकवादीहरुलाई जोगाउन खोजने विक्षिप्त मानसिकताका व्यक्तिहरुले यसको बचाउ गर्न खोजेका छन्, आतंकवादीहरुको कुनै धर्म हुँदैन, प्रतिशोधमा लिइएको पाइला हो, लगायतका दोहोरो मापदण्ड राख्ने देश र मानवाधिकारवादी संस्थाहरुलाई पनि आफ्नो मानसिकतामा परिवर्तन ल्याउन यसले बाध्य पारेको छ।

ओमानसित इजरायलको राम्रो सम्बन्ध छैन। इश्लामिक देशहरुमध्ये युएई र साउदी अरबसित मात्रै इजरायलको राम्रो सम्बन्ध छ, यस्तोमा इजरायलको लागि उडेको जहाजमा ओमानी नागरिक कसरी सहचालक बनेर ककपिटमा प्रवेश गरे? ओमानीलाई इजरायल प्रवेशमा रोक लगाइएको छ। सहचालकलाई धारिलो हतियार लिएर विमानमा प्रवेश गर्ने छुट पनि न होला यस्तोमा उनी कसरी सहचालक भएर प्रवेश गरे? क्याप्टेन स्मित मच्छार सित उनको राम्ररी परिचय थियो कि थिएन त्यसको पनि छानवीन हुनु आवश्यक छ। मध्य पुर्वमा अशान्ति छ। सउदी अरब र युएई बाहेक विश्वका अन्य इश्लामिक देशहरु इजरायललाई आफ्नो शत्रु ठानीरहेका छन्, यस्तोमा इजरायलका लागि उड्ने विमानको सुरक्षा प्रति युएई निकै गम्भीर हुनुपर्छ। उनलाई सहचालक बनाएर विमान भित्र तैनाथ गर्ने युएइ दुबई विमान स्थलका अधिकारी को थिए? उनी कसको सम्पर्कमा थिए र कसको निर्देशनमा काम गरिरहेका थिए, त्यसको पनि छानवीन हुनु आवश्यक छ। ओमान बाहेक अन्य पनि इस्लामिश देशहरुको यसमा हात छ कि छैन। लगायतका यावत प्रश्नहरुको जवाफ खोजिनुपर्छ। विमानका सहचालक ओमानी नागरिक हमाम अल हमामी थिए। उनले इस्लामिक कट्टरपन्थी धार्मिक नारा लगाएर विमान चालकमाथि धारिलो हतियारले प्रहार गरेका थिए। अमेरिकी राष्ट्रपति डोनाल्डट्रम्पले पनि यस घटनाको निन्दा गर्दै विमानका चालक स्मित मच्छारको साहसको प्रशंसा गरेका छन्।

९।११ को घटना गराउने अलकायदा का प्रमुख ओसामाविन लादेन त पकिस्तानको एबटाबादमा अमरिकी सैनिकद्वारा नै मारिए। त्रिभुवन विमान स्थलबाट इण्डियन एयरलाइन्सको विमानको अपहरण गराउने आतंककारीहरु पाकिस्तानी थिए। केही वर्ष अघिमात्रै भारतको जम्मु कश्मिरको पहलगामामा मुस्लिम आतंकवादीहरुको यात्रुको धर्म सोधी हिन्दुहरुको नृशंसा हत्या गरेका थिए जसमा एक जना त नेपाली नै थिए। युरोपका देशहरुमा पनि विमान अपहरणका घटना नभएका होइनन तसर्थ आतंकवादको सवालमा अमेरिका, युरोप, धर्मनिरपेक्ष राजनीतिक दलहरु कम्युनिष्टहरु र अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरुको प्रष्ट धारणा आउनुपर्दछ र आतंकवादी विरोधमा आउनु पर्दछ। इस्लामिक चरमपन्थ विश्वको निम्ति ठूलो चुनौति बन्दै गएको छ। फरक आस्था भएकालाई आफ्नो शत्रुको रुपमा हेर्ने दृष्टिकोण रहुन्जेलसम्म विश्वमा शान्ति कायम हुन सक्दैन। स्मित मच्छार जस्तै अब अन्य पाईलटहरुले पनि आफ्नो ज्यानको बाजी लगाई आतंककारीहरुको मनसायलाई असफल पार्नुपर्दछ। विमानको यात्रुहरुपनि आफ्नो ज्यानको चिन्ता नगरी "मर अथवा मार" को निश्कर्षमा पुगि आतंकवादी र अपहरणकारीलाई सजाय दिन अगाडि आउनुपर्छ।

# मानसिक स्वास्थ्य : मुस्कानभित्र लुकेको पीडा बुझौँ



अनिता बुढाथोकी

हाम्रो शारीरिक चोट आँखाले देखिन्छ। अरूले पनि थाहा पाउँछन्। त्यसैले त्यसलाई बुझ्न र उपचार गर्न तुलनात्मक रूपमा सजिलो हुन्छ। तर मनको चोट अदृश्य हुन्छ, जसलाई कसैले सजिलै देख्न सक्दैन। बाहिरबाट हेर्दा व्यक्ति हँसिलो र सामान्य देखिन सक्छ। उसलाई कुनै दुःख वा तनाव छैन जस्तो लाग्न सक्छ। तर भित्रभित्रै ऊ ठूलो मानसिक सङ्घर्षको भुमरीबाट गुज्रिरहेको हुन सक्छ।

मुस्कानभित्र थकान, मौनतामा पीडा र सहज व्यवहारभित्र ठूलो सङ्घर्षको कथा लुकेको हुन सक्छ। त्यसैले शारीरिक स्वास्थ्यलाई मात्र नभई मानसिक स्वास्थ्यलाई पनि उत्तिकै महत्त्व दिनुपर्छ।

मानसिक स्वास्थ्य भनेको मानसिक रोग नहुनु मात्र होइन। यो व्यक्तिले आफ्ना भावना र विचारलाई स्वस्थ ढङ्गले बुझ्न तथा व्यवस्थापन गर्न सक्ने, स्वस्थ सामाजिक सम्बन्ध कायम राख्ने र दैनिक जिम्मेवारी पूरा गर्न सक्ने समग्र अवस्थासँग सम्बन्धित विषय हो।

विश्व स्वास्थ्य सङ्गठनले पनि मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्यको अभिन्न अङ्ग मानेको छ। मानसिक स्वास्थ्यको हेरचाह समस्या देखिएपछि मात्र गर्ने विषय होइन, सामान्य अवस्थामा पनि उत्तिकै ध्यान दिनुपर्ने विषय हो।

शारीरिक स्वास्थ्यको चर्चा गर्दा हामी रक्तचाप, मधुमेह र मुटुरोगजस्ता समस्यालाई प्राथमिकतामा राख्छौँ। तर व्यक्तिले कसरी सोचिरहेको छ, कस्तो अनुभूति गरिरहेको छ र परिस्थितिको सामना कसरी गरिरहेको छ भन्ने कुराले पनि उसको जीवनको गुणस्तर निर्धारण गर्छ।

शरीर र मनबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ। यी एकअर्काका परिपूरक हुन्। दीर्घकालीन शारीरिक रोगले मनमा निराशा जन्माउन सक्छ भने मानसिक अस्वस्थताले शरीरको कार्यप्रणाली र कार्यक्षमतामा समेत असर पार्न सक्छ। विश्व स्वास्थ्य सङ्गठनको सन् २०२२ मा प्रकाशित प्रतिवेदनअनुसार, विश्वभर प्रत्येक सात जनामध्ये एक जना अर्थात् करिब १४ प्रतिशत मानिस कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट प्रभावित थिए।

हाम्रो जीवनमा परीक्षा, रोजगारी, आर्थिक उतारचढाव, जिम्मेवारी र पारिवारिक सम्बन्धसँग जोडिएका तनाव आउनु स्वाभाविक हो। तर यस्ता तनाव नियन्त्रणबाहिर जान थाले, लामो समयसम्म निरन्तर रहिरहे र दैनिक जीवनमा असर पार्न थाले भने जोखिम बढ्न सक्छ। त्यसैले मानसिक समस्यालाई बेवास्ता गर्नु हुँदैन। आफैँ ठीक भइहाल्छ भन्ने सोचेर समस्यालाई गम्भीर बन्न दिनु हुँदैन।

मानसिक अस्वस्थताका लक्षण व्यक्तिअनुसार फरक हुन सक्छन्। लगातार उदास वा निराश महसुस हुनु, कुनै काम गर्न मन नलाग्नु, असामान्य रूपमा रिस उठ्नु, टोलाइरहनु, खाने र सुत्ने बानीमा परिवर्तन आउनु तथा एकाग्रता कायम गर्न कठिन हुनु यसका सम्भावित संकेत हुन्। यस्ता लक्षणले दैनिक जीवनका विभिन्न पक्षमा असर पार्न थालेमा सहयोग माग्नु उपयुक्त हुन्छ।

मानसिक स्वास्थ्यको क्षेत्रमा देखिएको ठूलो चुनौतीमध्ये एक हो- यसप्रतिको सामाजिक दृष्टिकोण र संकुचित सोच। मानसिक समस्या कमजोर व्यक्तिलाई मात्र हुन्छ, मन बलियो बनाए सबै ठीक भइहाल्छ वा उपचारका लागि गए पागल भइन्छ भन्ने भ्रम अझै विद्यमान छन्। यस्ता धारणाका कारण धेरै व्यक्तिले आफ्नो पीडा लुकाउँछन् र आवश्यक सहयोग लिन हिचकिचाउँछन्।

सामाजिक सञ्जालले सञ्चारलाई सहज बनाएको छ, तर यसले मानसिक दबाब पनि बढाउन सक्छ। मानिसहरूले सामाजिक सञ्जालमा प्रायः आफ्ना सफलता, यात्रा, खुसी र सुखका पलहरू साझा गर्छन्। अरूको जीवनका यस्ता झलकसँग आफ्नो वास्तविक जीवन तुलना गर्ने प्रवृत्ति बढ्न सक्छ। यसले सफलता र असफलता, सहजता र कठिनाइका विषयमा अनावश्यक तुलना गर्ने बानी विकास गराउन सक्छ।

अरूको जीवनमा देखिएका खुसीका पलसँग आफ्नो वास्तविक जीवन मेल नखाएको महसुस हुँदा असन्तुष्टि र हीनताबोध बढ्न सक्छ। त्यसैले सामाजिक सञ्जालमा देखिने जीवनको सीमित चित्रलाई कसैको समग्र वास्तविकता ठान्नु हुँदैन।

नेपालमा विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँग सम्बन्धित सन् २०२० र २०२१ का अध्ययन तथा प्रतिवेदनमा बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यसम्बन्धी चिन्ताजनक तथ्यहरू उल्लेख गरिएका छन्। ती विवरणअनुसार, १३ देखि १९ वर्ष उमेर समूहका ५.२ प्रतिशत किशोरकिशोरीमा पहिचान गर्न सकिने मानसिक स्वास्थ्य समस्या देखिएको थियो भने ६ देखि १८ वर्ष उमेर समूहका १८.३ प्रतिशत बालबालिका तथा किशोरकिशोरी व्यवहारगत र संवेगात्मक समस्यासँग जुधिरहेका थिए।

बालबालिकाको व्यवहारमा आउने हरेक परिवर्तनलाई उमेरअनुसारको स्वाभाविक परिवर्तन मात्र ठान्नु उचित हुँदैन। व्यवहारमा देखिने असामान्य वा निरन्तर परिवर्तनलाई समयमै पहिचान गरी आवश्यक सहयोग उपलब्ध गराउनु महत्त्वपूर्ण हुन्छ।

अर्कोतर्फ, युट्युब, टिकटकजस्ता सामाजिक सञ्जालमा उपलब्ध सामग्रीका आधारमा आफूलाई कुनै मानसिक रोग लागेको निष्कर्ष निकाल्ने प्रवृत्ति पनि बढिरहेको छ। यस्ता सामग्रीले सामान्य जानकारी दिन सक्छन्, तर तिनले सधैँ पूर्ण र विश्वसनीय जानकारी प्रदान गर्छन् भन्ने हुँदैन। अपूर्ण जानकारीका आधारमा आफैँले रोग पहिचान गर्ने र उपचार सुरु गर्ने प्रवृत्तिले थप जोखिम निम्त्याउन सक्छ।

मानसिक स्वास्थ्य समस्याको सही पहिचान गर्न लक्षणको अवधि, गम्भीरता, जीवनशैली, व्यक्तिगत परिस्थिति र दैनिक जीवनमा परेको असरलगायत विभिन्न पक्षको सूक्ष्म अध्ययन आवश्यक हुन्छ। त्यसैले मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिएमा योग्य मानसिक स्वास्थ्य विशेषज्ञसँग परामर्श लिनु उपयुक्त हुन्छ।

मानसिक स्वास्थ्यको संरक्षणमा आफ्नो हेरचाह र खुला संवादको ठूलो भूमिका हुन्छ। यसमा घरपरिवार र नजिकका व्यक्तिको सहयोग पनि महत्त्वपूर्ण हुन्छ। मानसिक समस्या भोगिरहेको व्यक्तिका लागि परिवार नै पहिलो सहयोग र सुरक्षाको आधार बन्न सक्छ। कसैले कठिनाइ व्यक्त गर्दा तुरुन्तै उपदेश दिनुभन्दा धैर्यपूर्वक उसको कुरा सुनिदिनु धेरै महत्त्वपूर्ण हुन्छ।

दैनिक जीवनमा पर्याप्त निद्रा, सन्तुलित आहार, नियमित व्यायाम र सामाजिक सञ्जालको सन्तुलित प्रयोगले मानसिक स्वास्थ्यलाई सुदृढ बनाउन सहयोग गर्न सक्छ। तर समस्या गम्भीर बन्दै गएको छ वा दैनिक जीवनमा असर पारिरहेको छ भने विशेषज्ञको सहयोग लिनु नै विवेकशील कदम हो।

मानसिक स्वास्थ्यबारे खुलेर बोल्न सक्ने वातावरण बनाऔँ। आफ्ना भावना र समस्या व्यक्त गर्नुलाई कमजोरी होइन, सचेतनाको संकेत मानौँ। मानसिक स्वास्थ्य समस्यालाई लज्जाको विषय बनाउनुको सट्टा सहयोग र उपचारको बाटो रोजौँ।

# एमाले केन्द्रीय कमिटीका दश मनोनीत




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को आजको स्थायी कमिटीको बैठकले विभिन्न जिल्लाका १० नेतालाई केन्द्रीय कमिटी सदस्यमा मनोनयन गर्ने निर्णय गरेको छ ।

सो पार्टीका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा शनिबार भएको बैठकले सो मनोनयन गरेको हो । महासचिव शङ्कर पोखरेलद्वारा जारी विज्ञप्तिकाअनुसार मनोनीत हुनेमा सिर्जना राई (भोजपुर), सावित्रा अर्याल (रुपन्देही), इन्दु कडरिया विष्ट (कञ्चनपुर), सीता पङ्गेनी (नवलपुर), सीता अधिकारी (पाल्पा), डा. पुष्पा केसी भण्डारी (कास्की), धर्मनाथप्रसाद साह (सिरहा), तेजमान कन्दङ्वा (तेह्रथुम), टङ्क आङ्बोहाङ (ताप्लेजुङ), नवीन रोक्का (रोल्पा), मीनप्रसाद गुरुङ (स्याङ्जा), डबल पाण्डे (दोलखा) र तेजेन्द्र केसी (रुपन्देही) हुनुहुन्छ ।

यही असोज २२ गते सुरु भएर आज सकिएको बैठकले आगामी मङ्सिर पहिलो साता राष्ट्रिय भेला आयोजना गर्ने निर्णय गरेको छ ।

राष्ट्रिय भेलामा प्रदेश कमिटीका पदाधिकारी, जिल्ला कमिटीका पदाधिकारी, पालिका कमिटीका अध्यक्ष तथा उपाध्यक्ष र सबै तहका जनप्रतिनिधिको सहभागिता रहने एमालेले जनाएको छ ।

बैठकले पार्टीका वडा कमिटीका अधिवेशन आगामी मङ्सिर २६ गते र गाउँपालिका तथा नगरपालिकास्तरीय कमिटीका अधिवेशन पुस ४ गते सम्पन्न गर्ने निर्णय गरेको छ। बैठकको आरम्भमा पार्टीको केन्द्रीय कमिटीको तेस्रो बैठकबाट वरिष्ठ नेतामा मनोनीत हुनुभएकी विद्यादेवी भण्डारीले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको थियो ।

बैठकले मधेस प्रदेशसभामा पार्टीका सभासद् जैनब खातुनको निधनपछि रिक्त भएको समानुपातिकतर्फको स्थानमा नाजिमा खातुनलाई मनोनयन गरी निर्वाचन आयोगमा सिफारिस गर्ने निर्णय गरेको छ ।

त्यसैगरी, जिल्ला अध्यक्ष पद रिक्त रहेका १३ जिल्लामा सम्बन्धित जिल्ला तहकै निर्णयबाट अध्यक्ष तोकी सङ्गठन कमिटीमा रूपान्तरण गर्ने र अनुमोदनका लागि माथिल्लो कमिटीमा पठाउने निर्णय बैठकले गरेको विज्ञप्तिमा जनाइएको छ । रासस

# विद्यार्थी आन्दोलनदेखि कांग्रेस सभापतिसम्म थापाको यात्रा

काठमाण्डु । नेपाली कांग्रेसको सभापतिमा गगनकुमार थापा निर्वाचित हुनुभएको छ । कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गतको शुक्रबार भएको मतदानको आज बिहान सम्पन्न मतगणनामा सभापतिका उम्मेदवार थापाले छ हजार ५८४ मत ल्याएर विजयी हुनुभएको निर्वाचन संयोजक प्रेमबहादुर खड्काले जानकारी दिनुभयो ।

निर्वाचनमा सभापति थापाका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३७५ मत प्राप्त गर्नुभयो । निर्वाचनमा सात हजार १३ मत खसेकामा ५४ मत बदर भएको थियो । विसं २०४६ को जनआन्दोलनका क्रममा कक्षा ९ मा पढ्दै गर्दा आन्दोलनमा सहभागी हुनुभएका थापा झण्डै चार दशकपछि कांग्रेसको नेतृत्वमा पुग्नुभएको हो ।



नवनिर्वाचित सभापति थापाले २०४६ सालमा बालकांग्रेसको सदस्यका रूपमा राजनीतिक यात्रा सुरु गर्नुभएको थियो। विसं २०४८ मा नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) काठमाडौँ वडा नं ३३ को सचिव बन्नुभएका उहाँ २०५१ सालमा त्रिचन्द्र क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन सदस्य, २०५३ सालमा सचिव र २०५५ सालमा सभापति निर्वाचित हुनुभएको थियो ।

विंस २०५५ मा त्रिभुवन विश्वविद्यालयको सिनेट सदस्य बन्नुभएका थापा २०५७ सालमा नेविसङ्घको केन्द्रीय उपाध्यक्ष र २०५९ सालमा महामन्त्री बनेर विद्यार्थी राजनीतिलाई उचाइमा पुऱ्याउनुभएको थियो । विसं २०६१ मा राजाको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुभएका थापामाथि राजद्रोहको मुद्दासमेत लागेको थियो ।

अन्तरराष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनलले उहाँलाई 'आस्थाको बन्दी' घोषणा गरेको थियो । २०६२/६३ सालको जनआन्दोलनमा गणतन्त्र र लोकतन्त्रको पक्षमा सक्रिय भूमिका निर्वाह गरेपछि उहाँ राष्ट्रिय राजनीतिमा थप चर्चित बन्नुभएको थियो ।

विंस २०६४ को संविधानसभा निर्वाचनमा समानुपातिकतर्फबाट सभासद् बन्नुभएका थापा संविधान निर्माण, मौलिक हक, बालअधिकार, नागरिकता र ऊर्जा सुरक्षालगायत विषयमा सक्रिय रहनुभएको थियो। विसं २०७० मा काठमाडौँ क्षेत्र नम्बर ४ बाट निर्वाचित भएपछि संविधान मस्यौदा प्रक्रियामा योगदान पुऱ्याउनुभयो। विसं २०७१ मा कृषि तथा जलस्रोत समितिको सभापति बनेर कृषि, ऊर्जा र जलस्रोतसम्बन्धी नीतिगत बहसमा भूमिका खेल्नुभएको थियो ।

विंस २०७३ मा स्वास्थ्यमन्त्री बन्नुभएका थापाले आफ्नो नौ महिने कार्यकालमा स्वास्थ्य सेवा सुधार, स्वास्थ्य बिमा र चिकित्सा शिक्षा सुधारका विषयलाई प्राथमिकता दिनुभएको थियो । २०७४ र २०७९ सालको निर्वाचनमा काठमाडौँ क्षेत्र नं ४ बाट प्रतिनिधिसभामा निर्वाचित हुँदै उहाँले शिक्षा, स्वास्थ्य, रोजगारी, वातावरण र सुशासनका विषय संसदमा उठाउँदै आउनुभएको थियो ।

विंस २०७८ मा भएको कांग्रेसको १४औँ महाधिवेशनबाट महामन्त्री निर्वाचित थापाले पार्टीभित्र नीतिगत बहस र सङ्गठन सुधारको पक्षमा काम गर्दै आउनुभएको थियो । विसं २०८२ भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनपछि पार्टीभित्र युवा सहभागिता अगाडि बढाउनुपर्ने भन्दै पार्टीका अर्को महामन्त्री विश्वप्रकाश शर्मासँग मिलेर विशेष महाधिवेशन आह्वान गर्नुभएका थापा विशेष महाधिवेशनपछि पार्टी सभापति सर्वसम्मत निर्वाचित हुनुभएको थियो ।

विशेष महाधिवेशनबाट पार्टीको नेतृत्व लिनुभएका सभापति थापाले नौ महिनापछि पार्टीको १५औँ महाधिवेशन गरेर पुनः सभापति पदमा निर्वाचित हुनुभएको हो । राजनीतिसँगै अध्यापन, सञ्चार र सामाजिक अभियानमा समेत संलग्न उहाँले विद्यार्थी जीवनदेखि नै शिक्षा र सार्वजनिक सेवामा सुधारको वकालत गर्दै आउनुभएको थियो ।

थापाले युवालाई स्वदेशमै अवसर, सार्वजनिक शिक्षामा लगानी, स्वास्थ्य सेवामा समान पहुँच र सुशासनलाई उनले आफ्नो राजनीतिक यात्राका प्रमुख एजेन्डाका रूपमा अघि सार्दै आउनुभएको छ। विद्यार्थी राजनीतिबाट राष्ट्रिय नेतृत्वसम्मको उहाँको यात्रा नेपाली कांग्रेसको भावी दिशा, सङ्गठन सुधार र नयाँ पुस्ताको राजनीतिक सहभागितासँग जोडेर हेरिँदै आइएको छ । रासस

# शिक्षालाई भविष्यका चुनौती र अवसरसँग जोड्न राष्ट्रपति पौडेलको जोड



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले बदलिँदो विश्व परिवेशअनुरूप शिक्षा प्रणालीलाई परिमार्जन गर्दै विद्यार्थीलाई भविष्यका चुनौती सामना र अवसरको सदुपयोग गर्न सक्षम बनाउनुपर्ने बताउनुभएको छ ।

पशुपति मित्र माध्यमिक विद्यालयको ८०औँ वर्ष प्रवेशका अवसरमा आज यहाँ आयोजित समारोहमा उहाँले विज्ञान, प्रविधि र कृत्रिम बौद्धिकताको तीव्र विकाससँगै शिक्षा प्रणालीको स्वरूप परिवर्तन भइरहेको बताउनुभयो ।

**राष्ट्रप्रतिको जिम्मेवारीलाई हृदयङ्गम गरी**

सामाजिक सद्भावलाई शिक्षाको अभिन्न अङ्ग बनाउनुपर्नेमा जोड दिँदै राष्ट्रपतिले राष्ट्रको भविष्य निर्माण गर्ने आधार मुलुकको शैक्षिक प्रणाली भएकाले विद्यार्थीमा अनुशासन, इमानदारी, परिश्रम, सदाचार, देशप्रेम र सामाजिक उत्तरदायित्वजस्ता गुण विकास गर्नुपर्ने बताउनुभयो ।

शनिबारका विद्यार्थी नै भविष्यका शिक्षक, चिकित्सक, इन्जिनियर, प्रशासक, उद्यमी, राजनीतिज्ञ, वैज्ञानिक तथा जिम्मेवार नागरिक हुने भएकाले उनीहरूलाई पाठ्यपुस्तकको ज्ञान र परीक्षामा उच्च अङ्क हासिल गर्ने क्षमतामा मात्र सीमित राख्न नहुने उहाँले बताउनुभयो ।

विद्यार्थीलाई समस्या समाधान, नवीन सोच विकास, प्रविधिको सदुपयोग र राष्ट्रप्रति जिम्मेवार बन्न प्रेरित गर्नुपर्नेमा जोड दिँदै राष्ट्रपतिले यसका लागि सरकार, नीतिनिर्माता र शिक्षा क्षेत्रसँग सरोकार राख्ने सबै पक्षबीच सहकार्य आवश्यक छ भन्नुभयो । रासस

# 'मंसिरको महाधिवेशनले कांग्रेसलाई चुनावमा एकताबद्ध बनाउँछ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका संस्थापनइतर समूहका संयोजक डा. शशांक कोइरालाले आफूहरूले तय गरेको महाधिवेशनले पार्टीलाई एकजुट बनाउने बताएका छन् ।

काठमाण्डुमा शनिबार कांग्रेस संस्थापनइतर समूहको काठमाण्डु क्षेत्र नम्बर ४ को प्रदेश तथा क्षेत्रीय अधिवेशन उद्घाटन गर्दै कोइरालाले आगामी मंसिरमा तय भएको महाधिवेशन पार्टीका लागि अत्यन्त महत्त्वपूर्ण रहेको बताएका छन् । महाधिवेशनले पार्टीलाई एकताबद्ध बनाउँदै आगामी निर्वाचनमा एकजुट भएर अघि बढ्न बल पुऱ्याउने उनले बताए ।



कांग्रेस अहिले पनि बलियो अवस्थामा रहेको उल्लेख गर्दै उनले सबै शक्ति एकजुट भए पनि पार्टीलाई हराउन र कमजोर पार्न नसक्ने दाबी गरे ।

कांग्रेसले सत्ताको दुरुपयोग नगर्ने र अरूलाई पनि गर्न नदिने उनले बताए। राजनीति समयअनुसार परिवर्तन हुँदै गए पनि विचार र स्पष्टता कायम रहनुपर्नेमा जोड दिँदै कोइरालाले कार्यकर्तालाई आफ्नो सही बाटो नछाड्न आग्रह गरे ।

सो कार्यक्रममा कांग्रेस नेता प्रकाशमान सिंहले १४औँ महाधिवेशनबाट चयन भएको नेतृत्व नै आधिकारिक रहेको बताए । सभापति शेरबहादुर देउवाले राजीनामा नदिएको अवस्थामा कसैले टुँडिखेलमा बसेर नेतृत्व घोषणा गर्दैमा त्यसले मान्यता नपाउने उनको भनाइ थियो ।

पार्टीमा पदका आकांक्षी धेरै देखिएको उल्लेख गर्दै सिंहले पार्टीमा योगदान गरेका व्यक्तिलाई नेतृत्वमा चयन गर्न सुझाव दिए ।

त्यस्तै, कांग्रेस नेता मोहन बस्नेतले देशभरका नेता तथा कार्यकर्ता पार्टीको सक्रियता र विस्तारका लागि लड्न तयार रहेको बताए । तर, कारबाहीको डर र धम्कीका कारण केही नेता तथा कार्यकर्ता अर्को पक्षमा गएको उनको दाबी थियो ।

केही दिनपछि कांग्रेसका अधिकांश नेता आफ्नो पक्षमा आउने दाबी गर्दै बस्नेतले पार्टीलाई कमजोर पार्ने प्रवृत्तिविरुद्ध सचेत र एकजुट हुन कार्यकर्तालाई आग्रह गरेका छन् ।

# 'सरकारलाई काम गर्ने अवसर दिनुपर्छ'

**टुडे समाचारदाता**

काठमाण्डु । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले सकारात्मक समन्वयका साथ वर्तमान सरकारलाई काम गर्ने अवसर दिनुपर्ने बताएका छन् ।

चितवनको भरतपुर विमानस्थलमा शनिबार सञ्चारकर्मीसँग कुराकानी गर्दै उहाँले सरकारले केही सकारात्मक काम गरिरहेकाले सबैले सकारात्मक समन्वय र सहकार्य गर्नुपर्नेमा जोड दिए ।



सरकारले सुशासन, भ्रष्टाचार नियन्त्रण तथा बन्द स्वदेशी उद्योग सञ्चालनमा ल्याउने विषयमा गरेका प्रयासलाई सकारात्मक रूपमा लिइएको उनले बताए ।

अध्यक्ष घिसिङले सरकारले सुशासन र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा गरेका प्रयास सकारात्मक भए पनि सबै काम कानुनबमोजिम हुनुपर्नेमा जोड दिए। सरकारले जनताको दैनिक जीवनसँग जोडिएका समस्या पनि प्रभावकारी रूपमा समाधान गर्नुपर्ने उनको भनाइ छ। महँगी नियन्त्रण, कृषि क्षेत्रमा मल तथा बीउको सहज उपलब्धता र करसम्बन्धी निर्णयमा सरकारले ध्यान दिनुपर्ने उनले बताए ।

विद्युत्, शिक्षा, स्वास्थ्य तथा राइड सेयरिङलगायत क्षेत्रमा थप कर लगाउन नहुने भन्दै अध्यक्ष घिसिङले जनतालाई प्रत्यक्ष प्रभाव पार्ने विषयमा सरकार गम्भीर हुनुपर्ने बताए। कानुन निर्माण गर्दा जनताको हित र देशका विभिन्न क्षेत्रमा सुधार गर्ने उद्देश्य राख्नुपर्ने उनको भनाइ छ। कानुन बनाउनु मात्रै पर्याप्त नहुने उल्लेख गर्दै उनले त्यसको कार्यान्वयन पनि उचित ढङ्गले हुनुपर्ने बताउनुभयो । विगतमा देखिएको निराशा अन्त्य भएर आशा जाग्ने जनअपेक्षा हालसम्म पूरा हुन नसकेको उनको भनाइ छ।

यसैबीच, अध्यक्ष घिसिङले उज्यालो नेपाल पार्टीको सङ्गठन तथा सदस्यता विस्तारको काम देशभर व्यापक रूपमा अघि बढिरहेको जानकारी दिए। पार्टीको संरचनागत सुधार गर्दै सङ्गठन विस्तारलाई तीव्रता दिइएको उनले बताएका छन् ।

# तीन देशको भ्रमणपछि परराष्ट्रमन्त्री स्वदेश फिर्ता, जलवायु मुद्दा अन्तरराष्ट्रियकरणमा उपलब्धि

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनाल फिजी र टुभालुमा आयोजित जलवायु परिवर्तनसम्बन्धी उच्चस्तरीय 'प्रि-कोप लिडर्स इभेन्ट' मा सहभागी हुनुका साथै अस्ट्रेलियाको औपचारिक भ्रमण सम्पन्न गरी आज स्वदेश फर्कनुभएको छ।

भ्रमणका क्रममा अस्ट्रेलियाले नेपालमा हालै गएको विनाशकारी बाढीबाट प्रभावित क्षेत्रको राहत, पुनर्लाभ तथा पुनर्निर्माणका लागि थप १५ मिलियन अस्ट्रेलियन डलर अनुदान सहायता घोषणा गरेको छ।

यससँगै बाढी विपद् प्रतिकार्यका लागि अस्ट्रेलियाले घोषणा गरेको कुल सहायता २६ मिलियन अस्ट्रेलियन डलर पुगेको मन्त्री खनालले जानकारी दिनुभयो।

स्वदेश फर्किएपछि भ्रमणका उपलब्धिबारे जानकारी दिँदै मन्त्री खनालले नेपालको जलवायु संवेदनशीलतालाई अन्तरराष्ट्रिय मञ्चमा उजागर गर्न, न्यायोचित जलवायु वित्त परिचालन गर्न र अस्ट्रेलियासँगको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन भ्रमण महत्त्वपूर्ण रहेको बताउनुभयो।

आगामी नोभेम्बरमा टर्कीको अन्टाल्यामा आयोजना हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको ३१औँ सम्मेलन (कोप-३१) का लागि राजनीतिक सहमति निर्माण गर्ने तथा विश्वव्यापी जलवायु एजेन्डालाई अघि बढाउने उद्देश्यले अस्ट्रेलिया, फिजी र टुभालुका सरकार प्रमुखहरूको निमन्त्रणामा मन्त्री खनालले भ्रमण गर्नुभएको थियो।

**जलवायु न्यायका लागि नेपालको आवाज**

भ्रमणका क्रममा मन्त्री खनालले यही अक्टोबर ६ मा फिजीको नाडीमा आयोजित 'प्रि-कोप लिडर्स प्लेनरी' लाई सम्बोधन गर्दै हिमाली तथा प्रशान्त महासागरका टापु राष्ट्रहरूले जलवायु परिवर्तनका कारण समान प्रकृतिका जोखिम सामना गरिरहेको उल्लेख गर्नुभएको थियो । उहाँले हिमनदी पग्लिने र समुद्री सतह बढ्ने समस्या एउटै विश्वव्यापी जलवायु सङ्कटका परस्पर जोडिएका पक्ष भएको बताउँदै हिमालदेखि समुद्रसम्मका राष्ट्रबीच सहकार्य आवश्यक रहेकोमा जोड दिनुभएको थियो।

सम्बोधनका क्रममा मन्त्री खनालले नेपालको भोटेकोशी जलाधार क्षेत्रमा आएको विनाशकारी बाढीलाई 'हिमाली सुनामी' को संज्ञा दिँदै जलवायु परिवर्तनमा न्यून योगदान रहेका नेपालजस्ता मुलुकले त्यसको गम्भीर मूल्य चुकाउनुपरेको बताउनुभएको थियो।

कोप-३१ का लागि नेपालका चार प्राथमिकता प्रस्तुत गर्दै मन्त्री खनालले विश्वव्यापी तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्यप्रतिको प्रतिबद्धता, ऋणको भार नथपिने गरी अनुदानमा आधारित अनुकूलन वित्त, हानि तथा नोक्सानी कोषको प्रभावकारी परिचालन र 'सगरमाथादेखि समुद्रसम्म' साझेदारीको विकासमा जोड दिनुभएको थियो।

टुभालु भ्रमणका क्रममा मन्त्री खनालले समुद्री कटान र तीव्र ज्वारभाटाको जोखिममा रहेको फुनाफुतीस्थित 'कजवे' क्षेत्र तथा टुभालु कोस्टल एडाप्टेसन प्रोजेक्टअन्तर्गत निर्माण गरिएका संरचनाको अवलोकन गर्नुभएको थियो।

उक्त भ्रमणले हिमाली क्षेत्रको जलवायु जोखिम र प्रशान्त क्षेत्रका टापु राष्ट्रहरूले सामना गरिरहेका चुनौतीबीच समानता पहिचान गर्न तथा जलवायु न्यायका पक्षमा साझा आवाज निर्माण गर्न सहयोग पुगेको उहाँले बताउनुभएको थियो। 'प्रि-कोप' कार्यक्रमका अवसरमा जारी 'टाकु पाकासोआ घोषणापत्र' मा हिमनदी तथा हिमचादरको क्षयसम्बन्धी विषय समावेश भएको पनि उहाँले जानकारी दिनुभएको थियो।

**अस्ट्रेलियाबाट थप १५ मिलियन डलर सहायता**

अक्टोबर ८ मा अस्ट्रेलियाको मेलबर्नस्थित कमनवेल्थ पार्लियामेन्ट कार्यालयमा विदेशमन्त्री पेन्नी वोङसँग भएको उहाँको द्विपक्षीय वार्तामा नेपाल-अस्ट्रेलिया सम्बन्धका विविध पक्षमा छलफल भएको थियो।



वार्ताका क्रममा विदेशमन्त्री वोङले नेपालको बाढी विपद्बाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै अस्ट्रेलिया सरकार र जनताको ऐक्यबद्धता प्रकट गर्नुभएको थियो। बाढीपछि अस्ट्रेलियाले खोज तथा उद्धार सामग्री, प्राविधिक विशेषज्ञ र यसअघि घोषणा गरिएको ११ मिलियन अस्ट्रेलियन डलर मानवीय सहायता उपलब्ध गराएको थियो।

थप १५ मिलियन अस्ट्रेलियन डलर सहायता घोषणासँगै नेपालको विपद् प्रतिकार्यका लागि अस्ट्रेलियाले घोषणा गरेको कुल सहायता २६ मिलियन अस्ट्रेलियन डलर पुगेको छ।

बैठकमा जलवायु सहकार्य, हिमनदी अनुगमन, पूर्वसूचना प्रणालीको आधुनिकीकरण तथा जलवायु अनुकूलित पूर्वाधार निर्माणमा प्राविधिक साझेदारी विस्तार गर्ने विषयमा समेत छलफल भएको थियो । मन्त्री खनालले नेपाली विद्यार्थीका लागि अस्ट्रेलियाको विद्यार्थी भिसा प्रक्रिया निष्पक्ष, सहज र अनुमानयोग्य बनाउन आग्रह गर्नुभएको थियो।

साथै, उहाँले प्राविधिक तथा व्यावसायिक शिक्षा, विश्वविद्यालयबीच संयुक्त अनुसन्धान, संयुक्त डिग्री कार्यक्रम र अस्ट्रेलिया अवार्ड्स छात्रवृत्तिको कोटा वृद्धि गर्न सहकार्यको प्रस्ताव राख्नुभएको थियो।

नेपालमा जलविद्युत्, नवीकरणीय ऊर्जा, प्रविधि हस्तान्तरण, दिगो कृषि तथा पर्यटन क्षेत्रमा अस्ट्रेलियाली लगानी भित्र्याउने र दुई देशबीच सिधा हवाई सम्पर्क स्थापना गर्ने विषयमा पनि छलफल भएको मन्त्री खनालले बताउनुभएको थियो।

**न्यु साउथ वेल्ससाग विपद व्यवस्थापनमा सहकार्यको प्रस्ताव**

मन्त्री खनालले अक्टोबर ८ मा अष्ट्रेलियाको सिड्नीमा न्यु साउथ वेल्सका प्रिमियर क्रिस मिन्ससँग भेटवार्ता गर्नुभएको थियो । भेटमा प्रिमियर मिन्सले नेपालको बाढी विपद्प्रति व्यक्त गर्नुभएको समवेदना र ऐक्यबद्धताका लागि मन्त्री खनालले धन्यवाद दिनुभएको थियो।

न्यु साउथ वेल्सले विगतमा बाढी तथा डढेलो व्यवस्थापन र पुनर्निर्माणमा हासिल गरेको अनुभवबाट नेपालले सिक्न सक्ने विषयमा छलफल भएको थियो । दुवै पक्षले विपद् व्यवस्थापनसम्बन्धी निकायबीच अध्ययन भ्रमण तथा प्राविधिक आदानप्रदान गर्ने सम्भावनाबारे पनि विचारविमर्श गरेका थिए।

साथै, सिड्नीको वेस्टर्न सिड्नी अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि नेपालसँग सिधा हवाई सम्पर्क विस्तार गर्ने सम्भावना तथा नेपाली समुदायको भाषा, संस्कृति र सामुदायिक केन्द्रलाई सहयोग गर्ने विषयमा छलफल भएको थियो।

यसै क्रममा मन्त्री खनालले अस्ट्रेलियाका गभर्नर-जनरल साम मोस्टिनसँग क्यानबेरामा भेटवार्ता गर्नुभएको थियो। भेटमा नेपाल-अस्ट्रेलिया सम्बन्ध, नेपाली विद्यार्थी तथा प्रवासी नेपाली समुदायका चासो र कोप-३१ मा नेपालको जलवायु एजेन्डालाई समर्थन गर्ने विषयमा छलफल भएको थियो।

उहाँले अस्ट्रेलियाको सङ्घीय संसद्मा प्रतिपक्षी दलका उपनेता एङ्गस टेलरसँग भर्चुअल संवाद गर्नुभएको थियो भने सांसद एलेक्स हकसँग सिड्नीमा भेट गरी शैक्षिक सहकार्य, नेपाली विद्यार्थीको हित र द्विपक्षीय सम्बन्धबारे विचार आदानप्रदान गर्नुभएको थियो।

**पुनर्निर्माणमा प्रवासी नेपालीको सीप र ज्ञान उपयोग गर्न आग्रह**

अस्ट्रेलियामा बसोबास गर्ने दुई लाखभन्दा बढी नेपाली समुदायका प्रतिनिधि, प्राज्ञ, व्यवसायी तथा विद्यार्थीसँग मन्त्री खनालले मेलबर्न, सिड्नी र क्यानबेरामा अन्तरक्रिया गर्नुभएको थियो।रासस

# पार्टी सङ्गठन सुदृढीकरण र जनपरिचालन गर्दै एमाले

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले) आउँदो स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै पार्टी सङ्गठन सुदृढीकरण र जनपरिचालनमा केन्द्रित भएको छ। पार्टीको भदौ पहिलो साता सम्पन्न तेस्रो केन्द्रीय कमिटी बैठकले पारित गरेका मुख्य कार्यभारअन्तर्गत आगामी स्थानीय तहको निर्वाचन केन्द्रित हुँदै एमालेले वडा र पालिका तहका अधिवेशनको मिति तय गरेको छ।

पार्टीले आगामी मङ्सिर २६ गते वडा कमिटी र पुस ४ गते पालिका कमिटीको अधिवेशन गर्ने निर्णय गरेको छ। एमालेका केन्द्रीय प्रचार प्रमुख निरज आचार्यका अनुसार पार्टीले वडा र पालिका तहमा नेतृत्व पुनःगठन गर्ने, प्रदेश तथा जिल्ला तहका नेतृत्व र जनप्रतिनिधिलाई एकीकृत रूपमा परिचालन गर्ने तथा सङ्गठनलाई थप सक्रिय बनाउने लक्ष्य लिएको बताउनुभयो।

एमालेले आफ्नो राजनीतिक सन्देश जनतासम्म पुऱ्याउन प्रत्यक्ष संवाद र घरदैलो अभियानलाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै २०८२ भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनका घटनाको वास्तविकता, लोकतान्त्रिक प्रक्रियामा परेको असर, निर्वाचनको वातावरण, पार्टीमाथि लगाइएका आरोप तथा आफ्नै कमजोरीको समीक्षा पनि गरिरहेको उहाँले बताउनुभयो। रासस

# मेक्सिकोमा पत्रकारको गोली हानी हत्या

एएफपी। मेक्सिकोमा शुक्रबार एक पत्रकारको गोली हानी हत्या गरिएको छ। मानव अधिकारसम्बन्धी गैरसरकारी संस्था 'आर्टिकल १९' का अनुसार यस वर्ष देशमा हत्या गरिएका पत्रकारको संख्या नौ पुगेको छ।

बाउन्न हजारभन्दा बढी फलोअर्स रहेको समाचार वेबसाइट 'पिनोटेपा कोमुनिका' का सञ्चालक ५२ वर्षीय हामुराबी हुएस्का मान्जानोको दक्षिणी राज्य ओआक्साकामा हत्या गरिएको हो।

राज्यका अभियोजकका अनुसार, एक सशस्त्र समूहले हुएस्का मान्जानो र अन्य दुई जनामाथि गोली प्रहार गरेको थियो। गोली लागेर गम्भीर घाइते भएका उनको मृत्यु भएको हो।

हुएस्का मान्जानोले सञ्चालन गरेको वेबसाइटले उनी बसोबास गर्ने सहर सान्टियागो पिनोटेपा नासिओनालका राजनीतिक तथा स्थानीय विषयमा समाचार प्रकाशन गर्दै आएको थियो। पत्रकारिताका अतिरिक्त उनी ट्याक्सी चालकका रूपमा पनि काम गर्थे।

मानव अधिकार संस्था 'आर्टिकल १९' ले घटनाको अनुसन्धान गर्दा उनको पत्रकारितासम्बन्धी कामलाई प्राथमिकतामा राख्न अभियोजकको कार्यालयसँग माग गरेको छ। संस्थाले सामाजिक सञ्जाल एक्समार्फत पत्रकारको हत्याको निष्पक्ष अनुसन्धान गर्नसमेत आग्रह गरेको छ।

# ट्रम्पका उत्तराधिकारीका रूपमा भान्सको चर्चा चुलिँदै, रिपब्लिकनलाई मध्यावधि चुनावको चुनौती

एएफपी। अमेरिकी उपराष्ट्रपति जेडी भान्सले सन् २०२८ को राष्ट्रपतीय निर्वाचनमा उम्मेदवारी घोषणा नगरे पनि उहाँको राजनीतिक सक्रियता र समर्थकहरूको उत्साहले सम्भावित उम्मेदवारीबारे चर्चा चुलिएको छ। तर, आगामी नोभेम्बरमा हुने मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीले चुनौतीपूर्ण प्रतिस्पर्धाको सामना गर्नुपर्ने देखिएको छ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका निकट सहयोगी भान्स शुक्रबार आफ्नो गृहराज्य ओहायोको लिमामा आयोजित चुनावी सभामा सहभागी हुनुभयो। आगामी मध्यावधि निर्वाचनका लागि रिपब्लिकन उम्मेदवारहरूको समर्थनमा आयोजित सभामा उहाँ पुग्दा समर्थकहरूले भव्य स्वागत गरेका थिए। त्यहाँ 'भान्स २०२८' लेखिएको टोपी लगाएका समर्थकसमेत देखिएका थिए।

यद्यपि भान्सले आगामी राष्ट्रपतीय निर्वाचनसँग ओहायोको मध्यावधि चुनावको कुनै सम्बन्ध नरहेको बताउनुभएको छ। उहाँका अनुसार निर्वाचनको महत्व आगामी वर्षहरूमा देशको शासन सञ्चालनसँग जोडिएको छ।

तर जनमत सर्वेक्षणहरूले राष्ट्रपति ट्रम्पको घट्दो लोकप्रियता, इरानसँगको युद्ध र बढ्दो जीवनयापन खर्चका कारण रिपब्लिकनहरूले अमेरिकी कङ्ग्रेसमा आफ्नो बहुमत गुमाउन सक्ने सङ्केत गरेका छन्।

ओहायोमा सिनेटको सिट र गभर्नर पदका लागि पनि कडा प्रतिस्पर्धा हुने देखिएको छ। गभर्नर पदमा पूर्व राष्ट्रपतीय उम्मेदवार विवेक रामास्वामी चुनावी मैदानमा छन्। ट्रम्पले समेत हालै उक्त राज्यको भ्रमण गर्नुभएको छ।

कङ्ग्रेसमा बहुमत गुमाउनु ट्रम्पका लागि राजनीतिक रूपमा कठिन हुन सक्छ। त्यसले उहाँको कार्यकालको बाँकी दुई वर्षमा डेमोक्र्याटहरूले विभिन्न अनुसन्धान अघि बढाउने सम्भावना बढाउन सक्छ। अर्कोतर्फ, ओहायोमा रिपब्लिकनहरूको कमजोर प्रदर्शनले भान्सको राजनीतिक छविमा पनि असर पार्न सक्छ।

**सन् २०२८ को दौडमा भान्स अगाडि?**

ट्रम्पको सम्भावित उत्तराधिकारीका रूपमा भान्सलाई रिपब्लिकन पार्टीभित्र बलियो दाबेदार मानिन्छ। तर उहाँले उम्मेदवारीबारे औपचारिक घोषणा गर्नुभएको छैन।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पनि भान्सविरुद्ध प्रतिस्पर्धा नगर्ने बताउनुभएको छ। यद्यपि रुबियोका सार्वजनिक अभिव्यक्तिलाई सम्भावित राष्ट्रपतीय आकाङ्क्षा सँग जोडेर हेरिएको छ।

बयालिसवर्षीय भान्सले आफ्नो राजनीतिक छवि बलियो बनाउन परिवारलाई समेत सार्वजनिक कार्यक्रममा सहभागी गराउन थाल्नुभएको छ। उहाँले पत्नी उषा, तीन सन्तान र एटलस नामको कुकुरसँग सिनसिनाटी यात्रा गर्नुभएको थियो, जहाँ उहाँले अग्रिम मतदान गर्नुभयो।

रिपब्लिकन नेसनल कमिटीको आर्थिक सङ्कलनसम्बन्धी जिम्मेवारीले पनि उहाँलाई प्रभावशाली दाताहरूसँग निकट बनाएको छ।

ट्रम्प प्रशासनसँग जोडिएका नीतिका कारण उत्पन्न राजनीतिक दबाबबाट अलग देखिने प्रयासमा रहेका भान्सले अमेरिकी परिवारको आर्थिक कठिनाइप्रति आफू सचेत रहेको सन्देश दिँदै आउनुभएको छ। यसले विगतमा ट्रम्पप्रति आफ्नो आलोचनात्मक धारणा राखेका कारण बनेको राजनीतिक छवि परिवर्तन गर्न पनि सहयोग पुग्न सक्छ।

शुक्रबार उहाँले पेन्टागन प्रमुख पिट हेगसेथको मृत्युदण्डसम्बन्धी घोषणाबाट आफूलाई अलग राख्ने सङ्केत दिनुभयो। अमेरिकी सेनाले फायरिङ स्क्वाडमार्फत दिइने मृत्युदण्डको प्रत्यक्ष प्रसारण गर्ने विषयमा सोधिएको प्रश्नमा भान्सले आफूले त्यस्तो प्रसारण नहेर्ने बताउनुभयो।

# नेपाली टोली विश्व गोजुरियो करातेमा चौथो स्थानमा



**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली टोली आठौं डब्लुजिकेएफ विश्व गोजुरियो कराते च्याम्पियनसिपमा चौथो स्थानमा पुग्न सफल भएको छ।

भारतको पुनेमा भएको प्रतियोगितामा नेपालले ८ स्वर्ण, ९ रजत र ८ कांस्य पदक जितेको प्रतियोगतामा रेफ्रीका रुपमा सहभागी रवि शाहीले जनाएका छन्।

विवेक शाही, मनीषा मगर, सन्ध्या श्रेष्ठ, राधिका धामी, दिपसन सापकोटा, सलिना तामाङ र सविर श्रेष्ठ डंगोलले नेपाललाई स्वर्ण दिलाए। दिप्सनले दोहोरो स्वर्ण पदक जिते।

अन्भी शाही, वान्स श्रेष्ठ, परास बडिला, जनक सार्की, मनीषा तामाङ, राजवीर राउत, वर्षा केसी, अनमोल रम्तेल र विजय बुढाले रजत पदक हात पारे।

अन्भी शाही, आशिका विक, चेलिफुङ लिम्बू, सुविता गौतम र रितु थापाले कांस्य प्राप्त गरे। सुविता र रितुले दोहोरो रजत जिते। मिक्स टिम कातामा दिप्सन सापकोटा, बन्दना तामाङ र यनोज महर्जनले पनि कांस्य पदक जिते।

सो प्रतियोगतामा भारत ४१ स्वर्णसहित पहिलो, दक्षिण अफ्रिका २९ स्वर्णसाथ दोश्रो र चेकिया २१ स्वर्णसाथ तेश्रो भएको छ। निर्णायिक शाहीका अनुसार प्रतियोगिताको अर्को संस्करण जर्मनीमा सन् २०२८ मा हुने जनाइएको छ।

# ट्रम्प–पुटिन डिजेल सम्झौताको भोलिपल्टै युक्रेनमा रुसी आक्रमण, आठ जनाको मृत्यु

एएफपी। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग डिजेल आपूर्तिसम्बन्धी सम्झौता भएको घोषणा गरेको भोलिपल्टै शनिबार युक्रेनको जापोरिजिया क्षेत्रमा रुसी आक्रमणमा परी कम्तीमा आठ जनाको मृत्यु भएको छ। मृतकमध्ये तीन बालबालिका छन्। युक्रेनले यस्तो सम्झौताले मस्कोलाई युद्धका लागि आर्थिक स्रोत जुटाउन सहयोग पुग्ने चेतावनी दिएको थियो।



जापोरिजियामा आवासीय भवनहरूमा रुसी हवाई बम खस्दा आठ जनाको मृत्यु भएको र कम्तीमा १६ जना घाइते भएको क्षेत्रीय रक्षा परिषद्का सह-अध्यक्ष इभान फेडोरोभले शनिबार बताउनुभयो।

रुसले पूर्णस्तरको आक्रमण सुरु गरेको साढे चार वर्षभन्दा बढी समय बितिसक्दा पनि दुवै पक्षका सेना युद्धमोर्चामा उल्लेखनीय प्रगति गर्न नसकी गतिरोधमा छन्। यद्यपि, दुवै देशबीच लामो दूरीका हवाई आक्रमण जारी छन्। पछिल्लो चार दिनमा रुसी बमबारीका कारण ५५ जनाभन्दा बढीको मृत्यु भएको छ।

ट्रम्पले रुसबाट ठूलो परिमाणमा डिजेल प्राप्त गर्ने सम्झौता गरेको घोषणा गरेको भोलिपल्टै पछिल्ला आक्रमण भएका हुन्। यो कदम युक्रेन युद्धका कारण मस्कोमाथि अमेरिकाले वर्षौंदेखि अपनाउँदै आएको दबाबको नीतिमा आएको अप्रत्याशित परिवर्तन हो। साथै, अमेरिकी मध्यावधि निर्वाचनअघि बढ्दो इन्धन मूल्य नियन्त्रण गर्ने प्रयासका रूपमा पनि यसलाई हेरिएको छ।

ट्रम्पले शुक्रबार सामाजिक सञ्जालमार्फत पुटिनसँगको टेलिफोन वार्तामा उक्त सम्झौता भएको जानकारी दिनुभएको थियो। सुरुमा उक्त वार्तामा रुसमा देखिएको प्लेगको शङ्कास्पद घटनाबारे छलफल हुने अपेक्षा गरिएको थियो।

तर ट्रम्पले रुसले तत्कालै तीन लाख टनभन्दा बढी डिजेल उपलब्ध गराउने र त्यसपछि नोभेम्बरमा थप पाँच लाख टन तथा त्यसको केही समयपछि १० लाख टन डिजेल दिने घोषणा गर्नुभयो। त्यसलगत्तै छोटो अवधिमा थप ३० लाख टन डिजेल उपलब्ध गराइने पनि उहाँले उल्लेख गर्नुभयो।

ट्रम्पको यो घोषणाले गत महिना उहाँले नै हस्ताक्षर गरेको रुसमाथिको व्यापक प्रतिबन्धसम्बन्धी कानुनसँग विरोधाभास सिर्जना गरेको छ। उक्त कानुनको उद्देश्य युक्रेनविरुद्धको युद्धलाई आर्थिक सहयोग पुऱ्याउने रुसी तेल तथा ग्यासको आम्दानीमा रोक लगाउनु थियो।

सम्झौताप्रति प्रतिक्रिया जनाउँदै युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसले यसको जवाफ थप आतङ्क र विश्वासघातबाट दिने बताउनुभएको छ। उहाँले यस्तो सम्झौताले युद्धमा रुसको लगानी बढाउने र युद्ध लम्ब्याउन सहयोग पुऱ्याउने चेतावनी दिनुभयो।

"यसले रुसलाई थप हत्या गर्न, लामो समयसम्म युद्ध जारी राख्न, अमेरिकाप्रति अझ कम सम्मान देखाउन तथा विश्वमा थप क्षति र विनाश निम्त्याउन सक्षम बनाउँछ", जेलेन्स्कीले भन्नुभयो। वासिङ्टनस्थित युक्रेनी दूतावासले जारी गरेको विज्ञप्तिमा उहाँले यसलाई "बलिया साझेदार हरूबाट भएको कमजोर निर्णय" भन्दै आलोचना गर्नुभएको छ।

युद्ध अन्त्य गर्ने प्रस्तावबारे छलफल गर्न ट्रम्पका विशेष दूत स्टिभ विटकोफ र उहाँका ज्वाइँ जारेड कुशनर मियामीमा युक्रेनी अधिकारीहरूसँग भेटवार्ता गरिरहेका बेला ट्रम्पले डिजेल सम्झौताको घोषणा गर्नुभएको थियो।

"मलाई लाग्छ, हाम्रो टोलीलाई केवल धुवाँको पर्दाका रूपमा प्रयोग गरिँदै छ। यो पक्कै पनि उचित होइन। साझेदारहरूले एकअर्कासँग गर्ने व्यवहार यस्तो हुनुहुँदैन", जेलेन्स्कीले भन्नुभयो।

# चेल्सीसँग पाल्मरको सम्झौता लम्बियो

**टुडे समाचारदाता**

काठमाण्डु। इंग्लिस क्लब चेल्सीले आफ्ना प्रमुख आक्रमणकारी कोल पाल्मरसँग सन् २०३४ सम्मका लागि नयाँ सम्झौता गरेको छ।



२४ वर्षीय इंग्ल्यान्डका फरवार्ड पाल्मरले सुधारिएको सेवा सुविधासहित सम्झौता नवीकरण गरेका छन्। उनको यसअधिको सम्झौता २०३३ सम्म थियो। चेल्सीका लागि निरन्तर प्रभावशाली प्रदर्शन गर्दै आएका पाल्मर पछिल्लो समय मैदानबाहिर पनि टोलीका नेतृत्वदायी खेलाडीका रूपमा स्थापित हुँदै गएका छन्।

नयाँ सम्झौतासँगै पाल्मर प्रिमियर लिगमा सबैभन्दा लामो अवधिको सम्झौता भएका खेलाडीमध्ये एक बनेका छन्। म्यानचेस्टर सिटीका एर्लिङ हालान्ड तथा चेल्सीकै जोआओ पेड्रो र जिओभानी क्वेन्डाको सम्झौता पनि सन् २०३४ सम्म छ।

'चेल्सी मेरो लागि धेरै महत्वपूर्ण छ। क्लब सही दिशामा अघि बढिरहेको छ भन्ने लाग्छ। त्यसैले नयाँ सम्झौतामा हस्ताक्षर गर्न पाउँदा खुसी छु,' पाल्मरले भने।

'क्लबका मालिक, खेल निर्देशक र प्रशिक्षकसँगको कुराकानीले मलाई धेरै आत्मविश्वास दिएको छ। खेलाडीहरूसँग कुरा गर्दा पनि सबैको लक्ष्य एउटै रहेको पाएँ। यहाँ निरन्तर ठूला उपाधि जित्न चाहन्छु। त्यसको हिस्सा बन्नुका साथै सफलतामा महत्त्वपूर्ण भूमिका खेल्ने मेरो इच्छा छ,' उनले थपे।

पाल्मर २०२३ मा ४ करोड २५ लाख पाउन्डमा म्यानचेस्टर सिटीबाट चेल्सी गएका थिए। त्यसको दुई वर्षपछि नै उनले नयाँ सम्झौतामा हस्ताक्षर गरेका छन्।

चेल्सीले स्थापित र युवा खेलाडीलाई पुरस्कृत गर्दै क्लबको पारिश्रमिक संरचना कायम राख्ने रणनीति अनुसार सम्झौता नवीकरणलाई निरन्तरता दिएको छ। जोआओ पेड्रोले गत अगस्टमा २०३४ सम्मको सम्झौता गरेका थिए भने पेड्रो नेटोले गत महिना थप छ वर्षका लागि सम्झौता नवीकरण गरेका थिए।

ब्राजिलका फरवार्ड पेड्रोसँग पाल्मरको मैदानमा राम्रो तालमेल बनेको छ। त्यस्तै, प्रशिक्षक जाबी अलोन्सोको नेतृत्वमा उनले आफ्ना निकट मित्र मोर्गन रोजर्ससँगको मैदानभित्रको साझेदारीलाई पनि पुनः बलियो बनाएका छन्।

त्यसै सिजन एस्टन भिल्लाबाट ११ करोड ७० लाख पाउन्डको कीर्तिमानी रकममा रोजर्सलाई अनुबन्ध गर्ने चेल्सीको प्रयासबारे जानकारी पाउने सीमित व्यक्तिमध्ये पाल्मर पनि थिए।

पाल्मरले यो सिजन ७ खेलमा ४ गोल गर्नुका साथै २ गोलका लागि असिस्ट गरेका छन्। गत सिजन कम्मर र तिघ्राको जोड्ने भागमा देखिएको समस्याका कारण उनको प्रदर्शन प्रभावित भएको थियो। उनले चोटका बाबजुद खेलिरहे पनि त्यसो नगर्नुपर्ने हुन सक्ने स्वीकार गरेका थिए।

चोटका कारण नियमित खेल्न नसकेपछि पाल्मर इंग्ल्यान्डको विश्वकप टोलीमा पनि परेनन्। त्यसअघि उनले शल्यक्रिया आवश्यक पर्ने वा नपर्ने विषयमा विशेषज्ञको सल्लाह लिएका थिए।

यो सिजन चेल्सीका अन्य खेलाडीभन्दा बढी समय मैदानमा बिताएका पाल्मरले इंग्ल्यान्डको पछिल्लो अन्तर्राष्ट्रिय खेल अवधिमा भने खेलेनन्। त्यसपछि इंग्ल्यान्डका प्रशिक्षक थोमस टुचेलले पाल्मरले धेरै अवसर गुमाइरहेको टिप्पणी गरेका थिए।

चेल्सीका प्रशिक्षक अलोन्सोले शनिबार बर्नमाउथविरुद्धको खेलमा पाल्मर उपलब्ध हुने अपेक्षा गरिएको बताएका छन्। उनले पाल्मर इंग्ल्यान्डका लागि खेल्न पनि प्रतिबद्ध रहेको स्पष्ट पारे।

# युद्धविरामको एक वर्षपछि पनि गाजामा भोकमरी र कुपोषणको सङ्कट

एएफपी। इजरायल र हमासबीच युद्धविराम भएको एक वर्ष बितिसक्दा पनि गाजामा भोकमरी र कुपोषणको समस्या गम्भीर अवस्थामा रहेको छ। खाद्य सहायता भित्रिन थाले पनि पर्याप्त पोषणयुक्त खाना अभावमा लाखौं प्यालेस्टिनी प्रभावित छन्।



गाजाकी ३५ वर्षीया नियाहा अल-मासरी हरेक दिन आफ्ना आठ छोराछोरीसहित परिवारका लागि खाना जुटाउन सामुदायिक भान्सामा घण्टौं लाइन लाग्नुहुन्छ। मानवीय सहायता संस्थाले सञ्चालन गरेको भान्साबाट प्राप्त खाना नै खान युनिसस्थित पालमा बस्ने उहाँको १० सदस्यीय परिवारको दिनभरको एकमात्र भोजन हो।

मासरीका श्रीमान् हवाई आक्रमणमा दुवै खुट्टाको घाइते भएकाले परिवारका लागि खाद्यान्न जुटाउन असमर्थ हुनुहुन्छ। परिवारसँग भएको थोरै पिठो पनि जोगाएर प्रयोग गर्नुपर्ने अवस्था छ। उहाँका तीनदेखि १४ वर्षसम्मका छोराछोरी फलफूल खाने सपना देख्छन्, तर परिवारसँग किन्ने पैसा छैन।

संयुक्त राष्ट्रसङ्घ समर्थित एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (आइपीसी) ले अगस्त २०२५ मा गाजामा अनिकाल घोषणा गरेको थियो। इजरायलले उक्त निष्कर्ष अस्वीकार गरेको थियो। युद्धविरामपछि खाद्य आपूर्ति बढ्दा डिसेम्बरमा संयुक्त राष्ट्रसङ्घले अनिकालसम्बन्धी घोषणा फिर्ता लिएको थियो।

यद्यपि, संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रमका शन ह्युजेसका अनुसार गाजाको खाद्य सुरक्षा अवस्था अझै अत्यन्त गम्भीर छ। जुलाईको तथ्याङ्कअनुसार, करिब २१ लाख जनसङ्ख्यामध्ये १४ लाख मानिस चरम खाद्य असुरक्षामा छन्। तीमध्ये दुई लाख मानिस भोकमरीको अवस्थाभन्दा एक तह मात्र माथि छन्।

इजरायली रक्षा मन्त्रालयअन्तर्गतको नागरिक मामिला हेर्ने निकाय कोगाटले भने गाजाको मानवीय अवस्था स्थिर रहेको जनाएको छ।

खाद्य सामग्री उपलब्ध भए पनि फलफूल, ताजा तरकारी र प्रोटिनयुक्त खानेकुराको अभावले कुपोषणको जोखिम बढाएको छ। मासरीका एक छोरामा सन् २०२५ को अनिकालका बेला कुपोषण देखिएको थियो। उनको स्वास्थ्यमा क्रमिक सुधार भए पनि बालबालिकामा दोहोरिने कुपोषणले दीर्घकालीन शारीरिक तथा मानसिक विकासमा असर पार्न सक्ने विज्ञहरूको चेतावनी छ।

खान युनिसस्थित नासेर अस्पतालको कुपोषण उपचार इकाइकी प्रमुख इस्रा अल-नज्जारले कुपोषणसँग सम्बन्धित रोग तथा प्रतिरक्षा प्रणालीमा देखिने समस्या बढेको बताउनुभएको छ।

यसैबीच, मेडिसिन्स दु मोन्डले बिहीबार सार्वजनिक गरेको अध्ययनअनुसार गाजामा गर्भवती तथा स्तनपान गराइरहेका ९३ प्रतिशत महिलामा रक्तअल्पताका लक्षण देखिएका छन्। पर्याप्त विविधतायुक्त आहार पाउने महिलाको संख्या भने १७ प्रतिशत मात्र रहेको अध्ययनले देखाएको छ।

दमको समस्याका बाबजुद मासरी दैनिक सामुदायिक भान्सामा पुगिरहनुभएको छ। उहाँका छोराछोरी भने जीर्ण पाललाई बलियो बनाउन प्लास्टिक, गत्ता र फोमका टुक्रा सङ्कलन गर्छन्।

## प्यालेस्टिनी संसदीय निर्वाचन स्थगित, सन् २०२७ सेप्टेम्बरसम्ममा गरिने

एएफपी। प्यालेस्टिनी राष्ट्रपति महमूद अब्बासले शनिबार राष्ट्रपति र संसदीय निर्वाचन दुवै सँगै गर्ने गरी करिब एक बर्षका लागि स्थगित गरिएको जानकारी उहाँको कार्यालयले दिएको छ।

अन्तर्राष्ट्रिय समुदायले बलियो रूपमा वकालत गरेको संसदीय निर्वाचन यस वर्षको नोभेम्बर २८ मा हुने तय भएको थियो भने राष्ट्रपतीय निर्वाचन सन् २०२७ को सुरुतिर हुने अपेक्षा गरिएको थियो।

राष्ट्रपतीय आदेश जारी गर्दै उहाँले पहिले निर्धारित संसदीय निर्वाचन स्थगित गरेको र सन् २०२७ सेप्टेम्बर ११ मा दुवै निर्वाचन गर्ने बताएको प्यालेस्टिनी सञ्चारमाध्यमले राष्ट्रपतिको कार्यालयको स्रोतलाई उद्धृत गरी जनाएका छन्।

"अब्बासले शनिबार एक राष्ट्रपतीय आदेश जारी गर्दै सन् २०२७ सेप्टेम्बर ११ मा राष्ट्रपति र संसदीय निर्वाचन एकैसाथ गर्ने घोषणा गर्नुभएको छ," उहाँको कार्यालयले वाफा न्यूज एजेन्सीमार्फत् सार्वजनिक विज्ञप्तिमा भनिएको छ।

# अष्ट्रेलियाका बोसिस्टो काठमाण्डु गोर्खाजबाट एनपिएल खेल्दै

काठमाण्डु। अष्ट्रेलियाका अलराउन्डर विल बोसिस्टो नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणमा काठमण्डु गोर्खाजबाट खेल्ने भएका छन्। काठमण्डुले सामाजिक सञ्जालमार्फत बोसिस्टोलाई अनुबन्ध गरेको जानकारी दिएको हो।



बोसिस्टोले एनपिएलको अघिल्ला दुई संस्करणमा कर्णाली याक्सबाट खेलेका थिए। तेस्रो संस्करणमा भने उनी नयाँ टोलीबाट मैदान उत्रनेछन्। काठमाण्डुले यसअघि अष्ट्रेलियाका अनुभवी ब्याटर डेविड वार्नर, श्रीलङ्काका सहान अराचिङ्गे र भारतका केएस भरतलाई पनि टोलीमा समेटिसकेको छ।

तेत्तिस वर्षीय बोसिस्टो ब्याटिङसँगै अफब्रेक बलिङ गर्ने क्षमता भएका खेलाडी हुन्। उनले अष्ट्रेलियाको उमेर समूहको क्रिकेटमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। सन् २०१२ मा अस्ट्रेलियाको यु-१९ टोलीको कप्तानी गरेका उनले सोही वर्षको यु-१९ विश्वकप खेलेका थिए।

बोसिस्टोले अस्ट्रेलियाको घरेलु क्रिकेटमा फर्स्ट क्लास, लिस्ट 'ए' र टी-२० प्रतियोगिता खेलेका छन्। उनले फर्स्ट क्लास क्रिकेटका २८ खेलमा एक हजार १०० भन्दाबढी रन बनाउनुका साथै अफब्रेक बलिङबाट १७ विकेट लिएका छन्। रासस

## नेपाल टेलिकमको दसैं, तिहार अफर: मोबाइलमा सहुलियत दरका प्याकेज




काठमाण्डु । नेपाल टेलिकमले दसैँ, तिहार तथा छठका अवसरमा आफ्ना ग्राहकका लागि इन्टरनेट जडानमा छुट, बोनससहितको वार्षिक इन्टरनेट प्याकेज तथा सहुलियत दरका मोबाइल डाटा र भ्वाइस प्याकेजसहितको 'दसैँ-तिहार अफर २०८३' सार्वजनिक गरेको छ।

कम्पनीले आज जारी गरेको प्रेस विज्ञप्तिअनुसार नयाँ 'फाइबर टु द होम (एफटिटीएच) प्याकेज लिने गर्ने ग्राहकले जडान शुल्कमा छुट पाउनेछन् भने मोबाइल सेवाका ग्राहकले विभिन्न दरका डाटा, भ्वाइस तथा सन्देश प्याकेज खरिद गर्न सक्नेछन् ।

टेलिकमका प्रवक्ता डा कमल लामिछानेका अनुसार यही असोज २५ गतेदेखि आगामी कात्तिक ३० गतेसम्म नयाँ एफटिटीएच प्याकेज जडान गर्ने ग्राहकलाई रु ५०० जडान शुल्क मिनाहा गरिनेछ । त्यस्तै, १००, १५० र २०० एमबिपिएस क्षमताका नयाँ वार्षिक प्याकेज खरिद गर्ने ग्राहकले एक महिना थप सेवा पाउने उहाँले जानकारी दिनुभयो । यसअनुसार ग्राहकले १२ महिनाको शुल्कमा १३ महिनासम्म इन्टरनेट सेवा उपयोग गर्न सक्नेछन् । बोनसका रूपमा उपलब्ध हुने मोबाइल डाटा पनि १३ महिनासम्म उपलब्ध हुनेछ।

भर्चुअल सेट-टप बक्ससहितको प्याकेज लिने ग्राहकका लागि रु एक हजार छुटको सुविधा यसअघि उपलब्ध रहेको कम्पनीले जनाएको छ । मोबाइल डाटामा रु ४९९ र रु ६९९ का प्याकेजअन्तर्गत जिएसएम मोबाइल सेवाका ग्राहकका लागि रु ४९९ मा पाँच जिबी दैनिक उच्चगतिको डाटासहितको 'फेस्टिभल अनलिमिटेड' र रु ६९९ मा १० जिबी दैनिक उच्चगतिको डाटासहितको 'फेस्टिभल अनलिमिटेड प्रिमियम' प्याकेज उपलब्ध हुनेछन् ।

कम्पनीका अनुसार रु ४९९ को प्याकेजमा प्रतिदिन पाँच जिबी डाटा खपत भएपछि बाँकी समयावधिमा दुई एमबिपिएस गतिमा असीमित डाटा प्रयोग गर्न सकिनेछ । त्यसैगरी, रु ६९९ को प्रिमियम प्याकेजमा प्रतिदिन १० जिबी डाटा खपत भएपछि बाँकी समयावधिमा तीन एमबिपिएस गतिमा असीमित डाटा प्रयोग गर्न सकिने व्यवस्था गरिएको प्रवक्ता लामिछानेले बताउनुभयो ।

टेलिकमले भ्वाइस तथा सन्देश सेवामा पनि सहुलियत दरका प्याकेज ल्याएको छ । यसअन्तर्गत रु २०० मा सबै नेटवर्कमा प्रयोग गर्न मिल्ने एक हजार मिनेटको 'जोयफुल मिनेट्स' प्याकेज उपलब्ध हुनेछ । त्यस्तै, रु ९९ मा आफ्नै नेटवर्कभित्र एक हजार एसएमएस पठाउन सकिने 'फेस्टिभ म्यासेज' प्याकेज पनि खरिद गर्न सकिनेछ । यी मोबाइल प्याकेजको समयावधि ३० दिनको हुनेछ।

**मोबाइलबाटै प्याकेज खरिद गर्न सकिने**

कम्पनीका अनुसार कात्तिक ३० गतेसम्म मोबाइलमार्फत प्याकेज खरिद गर्ने ग्राहकले उक्त अफरअन्तर्गतका सुविधा प्राप्त गर्न सक्नेछन् । ग्राहकले आफ्नो मोबाइलबाट ८१४१५८११३ डायल गरेर वा नेपाल टेलिकमको मोबाइल एप प्रयोग गरी आफूलाई आवश्यक प्याकेज खरिद गर्न सक्नेछन् । रासस

# भेडाच्याङ्ग्रा बिक्री गर्न महिनौ पैदल हिँडेका किसानलाई बजारको चिन्ता

म्याग्दी । दसैँका लागि भेडाच्याङ्ग्रा बेच्न मुगुबाट हिँडेका सञ्जय बिकसहित चार जना किसान ३६ दिनको कष्टकर यात्रापछि शुक्रबार साँझ म्याग्दीको गलेश्वर आइपुग्नुभएको छ।

प्रतिकूल मौसम, हिमपात र सडक अवरुद्ध हुँदा उहाँहरूको यात्रा निकै कष्टपूर्ण बन्यो । लामो यात्रा गरेर बजारसम्म आइपुग्दा पनि समयमै बिक्री गर्न नपाइने चिन्ताले उहाँहरूलाई सताएको छ।

मुगुको छायानाथ रारा नगरपालिका-६ का बिकको टोलीले दुई सय भेडाच्याङ्ग्रा खेदाएर ल्याएको हो । त्यसमध्ये एक सय आफ्नै घरमा पालेका र एक सय छिमेकीबाट खरिद गरेका हुन् । दसैँका लागि पोखरामा बिक्री गर्ने उद्देश्यले उहाँहरू गत भदौ १८ गते घरबाट हिँड्नुभएको थियो।

"यसपालि प्रतिकूल मौसम र मुस्ताङ जोड्ने बेनी-जोमसोम सडक अवरुद्ध हुँदा धेरै दुःख पाइयो," बिकले भन्नुभयो, "डोल्पाको छार्कामा हिमपात भएपछि एक हप्ता रोकियौँ । घरबाट हिँडेको ३६ दिनमा बल्ल गलेश्वर आइपुगेका छौँ ।"

शनिबार गलेश्वरबाट भेडाच्याङ्ग्रा गाडीमा राखेर पोखरा लैजाने उहाँहरूको योजना छ । तर, दसैँ नजिकिँदै गर्दा बजारमा माग र बिक्री कस्तो होला भन्ने चिन्ता छ । "ढिला भइसकेको छ। अब बजारमा बिक्री हुने हो कि होइन भन्ने चिन्ता लागेको छ," बिकले भन्नुभयो।

डोल्पाको काइके गाउँपालिका-२ का मानप्रसाद रोकायासहित सात जना किसान पनि सात सय भेडाच्याङ्ग्रा लिएर पोखरातर्फ लाग्नुभएको छ । उहाँहरू शुक्रबार म्याग्दीको घोडेपानी हुँदै कास्कीको पोखरातर्फ जानुभएको हो।

रोकायाको टोली घरबाट हिँडेको २२ दिन भइसकेको छ । भेडाच्याङ्ग्रापालन नै मुख्य पेसा भएकाले उहाँहरू हरेक वर्ष बिक्रीका लागि विभिन्न बजार पुग्ने गर्नुहुन्छ । तर, यसपालि बाढीपहिरोले यात्रामा थप सास्ती दिएको छ।



यही असोज ८ देखि ११ गतेसम्मको वर्षापछि आएको बाढीपहिरोले बेनी-जोमसोम सडकको म्याग्दी खण्ड अवरुद्ध बनायो। यसले भेडाच्याङ्ग्रा खेदाएर ल्याउने र सवारीसाधनमा ढुवानी गर्ने दुवै काम प्रभावित भए । कतिपय किसानले लामो दूरी पैदल हिँड्नुपऱ्यो। सडकको अवस्थाका कारण बजारसम्म पुग्न ढिलाइ भएको हो।

डोल्पाको काइके गाउँपालिका-२ सहरताराका सञ्जय बुढा पनि २५ दिन पैदल हिँडेर एक सय ६० च्याङ्ग्रा बिक्री गर्न पोखरातर्फ लाग्नुभएको छ । समुद्री सतहदेखि चार हजार मिटरभन्दा माथिका क्षेत्रमा पालिएका च्याङ्ग्रा खेदाएर ल्याउन सहज छैन।

"भिर, खोल्सा र साँघुरो बाटोमा च्याङ्ग्रालाई हिँडाएर बजार पुऱ्याई बिक्री गर्नु हाम्रो परम्परादेखिकै पेसा हो," उहाँले भन्नुभयो।

**सडक अवरुद्ध हुँदा किसानलाई सास्ती**

दसैँ नजिकिएसँगै हिमाली क्षेत्रका भेडाच्याङ्ग्रा बजार झर्न थालेका छन् । तर, प्रतिकूल मौसम र सडक अवरोधले यसपालि किसान तथा व्यापारीलाई समस्या भएको छ । डोल्पा, जुम्ला र उपल्लो मुस्ताङबाट भेडाच्याङ्ग्रा लिएर आएका किसान तथा व्यापारीको जोमसोमदेखि बेनीसम्म चहलपहल छ।

मुस्ताङबाट बेनी-जोमसोम सडक हुँदै गलेश्वर ल्याइएका भेडाच्याङ्ग्रा ट्रक र कन्टेनरमा राखेर पोखरा, काठमाडौँलगायत सहरमा पठाउन थालिएको छ । यद्यपि, डोल्पाबाट मुस्ताङ आउने बाटो हिउँले ढाकिँदा त्यहाँका सबै किसानले भेडाच्याङ्ग्रा बजारसम्म ल्याउन नसकेको कृषि तथा पशुपन्छी विकास कार्यालय मुस्ताङका प्रमुख लालमणि अर्यालले बताउनुभयो।

तातोपानी र रसुवा नाका बन्द भएकाले यसपालि ठूला सहरमा भेडाच्याङ्ग्रा आपूर्तिको मुख्य मार्ग मुस्ताङ बनेको छ । जोमसोममा भेडाच्याङ्ग्राको स्वास्थ्य परीक्षण गरी निकासी अनुमति दिने व्यवस्था मिलाइएको छ। कार्यालय प्रमुख अर्यालका अनुसार हालसम्म १० हजार भेडाच्याङ्ग्राको स्वास्थ्य परीक्षण गरेर निकासी अनुमति दिइएको छ । गत वर्ष १८ हजार भेडाच्याङ्ग्रा निकासी भएका थिए।

यात्रा लामो हुँदा किसान र ब्यापारीको खर्च बढेको छ । मुस्ताङमा सडक, विद्युत् र सञ्चार सेवा अवरुद्ध हुँदा किसानसँग सम्पर्क गर्नसमेत कठिन भएको व्यापारीको भनाइ छ।

बेनी नगरपालिका-९ का डेकबहादुर चोखालका अनुसार मुस्ताङमा असोज दोस्रो सातादेखि सडक, विद्युत् र सञ्चार सेवा अवरुद्ध हुँदा भेडाच्याङ्ग्रा खरिदमा समस्या भयो।

"किसानसँग सम्पर्क हुन नसकेपछि भनेजस्तो भेडाच्याङ्ग्रा ल्याउन पाइएन," उहाँले भन्नुभयो । मुस्ताङमा आकार अनुसार भेडा प्रतिगोटा रु. ३२ हजारदेखि रु. ३५ हजार र च्याङ्ग्रा प्रतिगोटा रु. ४० हजारको हाराहारीमा खरिदबिक्री भइरहेको ब्यापारीहरुले बताएका छन् । बेनीमा भने भेडा प्रतिगोटा करिब रु. ३६ हजार र च्याङ्ग्रा रु. ४५ हजार पर्ने बेनी नगरपालिका-९ तोरीपानीका यामबहादुर बानियाले बताउनुभयो।

"पाँच वर्ष उमेर पुगेका च्याङ्ग्रा मासुका लागि उपयुक्त मानिन्छन्," उहाँले भन्नुभयो "महँगो परेपनि दसैँमा हिमाली क्षेत्रमा जडीबुटीयुक्त बुकीमा चरेका च्याङ्ग्राको मासु खाने चलन छ ।" मुस्ताङी भेडाच्याङ्ग्राको ठूलो बजार पोखरा र काठमाडौँ हुन् । म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, तनहुँ र लमजुङमा पनि यसको माग हुने गरेको धवलागिरि गाउँपालिका-७ का खसी व्यापारी प्रेम छन्त्यालले बताउनुभयो।

**च्याङ्ग्रापालनमै निर्भर हिमाली किसान**

मुस्ताङको नामग्यालका किसान तेन्जिङ गुरुङले मुख्य आयस्रोत च्याङ्ग्रापालन भएको बताउनुभयो । मुस्ताङका वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा करिब ५० हजार च्याङ्ग्रा पालिएका छन् । उपल्लो मुस्ताङका किसानको मुख्य आयस्रोत च्याङ्ग्रापालन हो । च्याङ्ग्राको शरीरबाट निस्कने भुवा पस्मिनाको कच्चा पदार्थका रूपमा प्रयोग हुन्छ।

तर, च्याङ्ग्रापालनमा पनि अनेक चुनौती छन् । हिउँचितुवा र ब्वाँसोको आक्रमणबाट पशु जोगाउन किसानलाई कठिन हुन्छ। पर्याप्त हिउँ नपर्दा लेकाली क्षेत्रमा घाँस कम उम्रिने र आहारको अभाव हुने समस्या छ। हिउँदमा अत्यधिक हिमपात हुँदा पनि आहार नपाएर भेडाबाख्रा मर्ने गरेका छन्।

दसैँको बजारबाट वर्षभरिको आम्दानी जुटाउने आशामा किसानले हिमालबाट भेडाच्याङ्ग्रा खेदाएर ल्याउँछन्। तर, यसपालि प्रतिकूल मौसम र सडक अवरोधले उनीहरूको यात्रा लम्बिएको छ। लामो दूरीको पैदल यात्रा, थप खर्च र बिक्रीमा भएको ढिलाइले किसानको आम्दानी प्रभावित हुने चिन्ता बढाएको छ। रासस

## भौतिकसँगै संरचनागत विकासले फेरिँदै च्याङ्गे क्षेत्र

भोजपुर । भौतिक तथा पर्यटकीय संरचना निर्माणले भोजपुरको च्याङ्गे पोखरी र पञ्चकन्या मन्दिर आसपासको क्षेत्र फेरिँदै गएको छ । उपयुक्त पूर्वाधार विकाससँगै स्थानीय क्षेत्र पर्यटकीय तथा व्यापारिक केन्द्रका रूपमा रूपान्तरण हुन थालेको हो।

स्थानीय तह, प्रदेश सरकार तथा विभिन्न सरोकार भएका निकायको सक्रियतामा सञ्चालित विकास निर्माणका योजनाहरू सम्पन्न हुने क्रमसँगै च्याङ्गेको स्वरूप फेरिएको स्थानीय बताउँछन् । विशेष गरी बजारको मुख्य भागमा अवस्थित ऐतिहासिक 'च्याङ्गे पोखरी' को व्यवस्थित पुनःनिर्माण र सौन्दर्यीकरण गरिएको छ । पोखरीको चारैतिर पक्की पर्खाल तथा सुरक्षा घेराबारा लगाइएको छ भने किनारै-किनार पर्यटक तथा स्थानीयवासीका लागि पैदलमार्ग (वाकिङ ट्र्याक) निर्माण गरिएको छ।

पौवादुङमा गाउँपालिकाका अध्यक्ष किरण राईले पोखरीमा अहिले जलविहारका लागि पानी बोटसमेत सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो । पोखरीको



मनमोहक दृश्यले बजारमा आउने जोकोहीलाई लोभ्याउने गरेको छ भने साँझपख टहलिनका लागि यो क्षेत्र प्रमुख गन्तव्य बनेको उहाँको भनाइ छ।

साथै पर्यटनलाई लक्षित गरी नजिकै झोलुङ्गे पुल निर्माण गरिएको छ । पर्यटक तथा स्थानीयवासी सो पुलमा पुगेर बजार क्षेत्रको मनोरम दृश्य अवलोकन गर्नुका साथै तस्विर तथा श्रव्यदृश्य सामग्री खिच्ने, रमाउने गरेका छन्।

गाउँपालिका केन्द्रसमेत रहेकाले च्याङ्गे क्षेत्रको योजनाबद्ध विकासमा विशेष जोड दिइएको अध्यक्ष राईले बताउनुभयो। बजार क्षेत्रको सौन्दर्यीकरण र व्यवस्थित सहरीकरणका लागि च्याङ्ग्रे पोखरीको संरक्षणका साथै आन्तरिक पर्यटन प्रवर्द्धन गरेको उहाँले विश्वास व्यक्त गर्नुभयो । साथै, पोखरीको पौराणिक तथा सांस्कृतिक महत्त्वलाई ध्यानमा राख्दै पोखरी किनारमा 'पञ्चकन्या मन्दिर' निर्माण भइरहेको उहाँले जानकारी दिनुभयो।

"हामी च्याङ्ग्रे बजार क्षेत्रको योजनाबद्ध विकास गरिरहेका छौँ", अध्यक्ष राईले भन्नुभयो, "यहाँका धार्मिक तथा पर्यटकीयस्थलको प्रवर्द्धनसँगै यस क्षेत्रमा सकारात्मक परिवर्तन आएको छ । आगामी दिनमा पनि दीर्घकालीन र योजनाबद्ध विकासका कामलाई निरन्तरता दिनेछौँ।"

बजार प्रवेशको शून्य विन्दु तिवारीभञ्याङबाट च्याङ्गे बजारसम्मको सडक कालोपत्रेसँगै बजार क्षेत्रमा ढल र नाली व्यवस्थापन गरिएसँगै 'च्याङ्गे' व्यवस्थित बजार बन्दै गएको स्थानीय बालिका खत्रीले बताउनुभयो । स्थानीय सरकार स्थापना भएपछि बजार क्षेत्रको विकासले गतिलिएको उहाँको भनाइ छ।

यहाँका विद्यालय क्षेत्रको विकास तथा गाउँपालिकाको प्रशासनिक भवन निर्माणलगायत संरचनागत विकासले च्याङ्गेलाई परम्परागत ग्रामीण बजारबाट आधुनिक सहरोन्मुख क्षेत्रका रूपमा स्थापित गर्दै लगेको छ । खेल क्षेत्रको विकास लागि बजार क्षेत्रमा पौवादुङमा रङ्गशाला निर्माण भइरहेको छ।

पूर्वाधारमा भएको यस ऐतिहासिक सुधारले स्थानीय पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने स्थानीयवासीको भनाइ छ।

पर्यटकीय पूर्वाधारहरू तयार भएसँगै आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गएको स्थानीय बताउँछन् । यसले स्थानीय व्यापार, होटल व्यवसाय तथा कृषि उपजको बजारीकरणमा सहजता भएको स्थानीयले प्रतिक्रिया दिएका छन्। रासस

## चियाको गुणस्तर सुधार्न परीक्षण प्रयोगशाला स्थापनाको पहल

भद्रपुर । चियाको गुणस्तर परीक्षणलाई सहज बनाउँदै नेपाली चियाको बजार पहिचान कायम राख्न झापामा चिया परीक्षण प्रयोगशाला स्थापना गर्न पहल गरिने भएको छ।

जिल्ला प्रशासन कार्यालय झापाको पहलमा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय झापाको आयोजनामा तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय भद्रपुरको समन्वयमा शुक्रबार आयोजित चिया उद्योगी तथा सरोकारवालाबीचको अन्तरक्रियामा प्रयोगशाला स्थापनाका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरिएको हो।

चिया उत्पादनको लामो इतिहास बोकेको झापामा परीक्षण प्रयोगशाला स्थापना हुँदा चियाको गुणस्तर परीक्षण गर्न सहज हुने र गुणस्तर सुधारमा सहयोग पुग्ने सहभागीको भनाइ थियो । हाल राष्ट्रिय चिया तथा कफी विकास बोर्डको केन्द्रीय कार्यालय



काठमाडौँमा मात्र चिया परीक्षण प्रयोगशाला रहेको जनाइएको छ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेललेनेपालीचियालेअन्तरराष्ट्रिय बजारमा बनाएको पहिचान कायम राख्न गुणस्तरमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो । "चियाको गुणस्तर कायम राख्नु उपभोक्ताको स्वास्थ्यसँग जोडिएको विषय हो। तयारी चियामा अखाद्य र बाह्य पदार्थको मिसावट रोक्न र खाद्य सुरक्षा मापदण्डको पालना सुनिश्चित गर्न सबै सरोकारवाला जिम्मेवार हुनुपर्छ," उहाँले भन्नुभयो । उहाँले चियाको उत्पादनदेखि प्याकेजिङ र बजारसम्म गुणस्तर कायम राख्न सम्बन्धित निकाय, उद्योगी तथा व्यवसायीबीच समन्वय आवश्यक रहेको बताउनुभयो।

अन्तरक्रियामा तयारी चियाको गुणस्तर, खाद्य सुरक्षा मापदण्डको पालना, उपभोक्ताको स्वास्थ्यमा पर्न सक्ने असर तथा मापदण्डविपरीत रङ वा अन्य पदार्थ प्रयोग गरेमा प्रचलित कानुनअनुसार हुने दण्ड, जरिवाना र सजायका व्यवस्थाबारे जानकारी गराइएको थियो।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय झापाका प्रमुख इन्द्रप्रसाद अधिकारीका अनुसार जिल्लामा ३८ चिया उद्योग सञ्चालनमा छन्। गत आर्थिक वर्षमा झापामा नौ करोड ८५ लाख किलो सिटिसी चिया उत्पादन भएको थियो।

जिल्लामा १० हजार ५०० हेक्टर क्षेत्रफलमा चिया खेती हुँदै आएको छ। त्यसमध्ये तीन हजार ६०० हेक्टरमा साना किसानले चिया खेती गर्दै आएका छन् भने करिब तीन हजार किसान यस क्षेत्रमा संलग्न छन्।

कार्यक्रममा चियामा बाह्य पदार्थको मिसावट रोक्न, गुणस्तर सुधार गर्न तथा किसानलाई समयमै रासायनिक मल उपलब्ध गराउन वितरण प्रणाली प्रभावकारी बनाउनुपर्ने विषयमा पनि छलफल भएको थियो। मल वितरण प्रणालीलाई प्रभावकारी बनाउन बोर्डले प्रदेश सरकारसँग समन्वय गर्नुपर्नेमा सहभागीले जोड दिएका थिए। रासस

## विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १५४ रुपैयाँ ४८ पैसा र बिक्रीदर १५५ रुपैयाँ ०८ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १७३ रुपैयाँ ३२ पैसा र बिक्रीदर १७३ रुपैयाँ ९९ पैसा, युके पाउन्ड स्ट्र्लिङ एकको खरिददर २०४ रुपैयाँ ५५ पैसा र बिक्रीदर २०५ रुपैयाँ ३५ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १८५ रुपैयाँ ९२ पैसा र बिक्रीदर १८६ रुपैयाँ ६४ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर १०७ रुपैयाँ ८३ पैसा र बिक्रीदर १०८ रुपैयाँ २५ पैसा, क्यानेडियन डलर एकको खरिददर १०८ रुपैयाँ ५७ पैसा र बिक्रीदर १०८ रुपैयाँ ९९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १२० रुपैयाँ ६८ पैसा र बिक्रीदर १२१ रुपैयाँ १५ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ७६ पैसा र बिक्रीदर नौ रुपैयाँ ८० पैसा, चिनियाँ युआन एकको खरिददर २३ रुपैयाँ ०८ पैसा र बिक्रीदर २३ रुपैयाँ १७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४१ रुपैयाँ १५ पैसा र बिक्रीदर ४१ रुपैयाँ ३१ पैसा, कतारी रियाल एकको खरिददर ४२ रुपैयाँ ४२ पैसा र बिक्रीदर ४२ रुपैयाँ ५८ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ६१ पैसा र बिक्रीदर चार रुपैयाँ ६२ पैसा, युएई दिराम एकको खरिददर ४२ रुपैयाँ ०६ पैसा र बिक्रीदर ४२ रुपैयाँ २३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९६ पैसा, साउथ कोरियन वन १०० को खरिददर ११ रुपैयाँ ५२ पैसा र बिक्रीदर ११ रुपैयाँ ५६ पैसा, स्विडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ५१ पैसा र बिक्रीदर १५ रुपैयाँ ५७ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ १९ पैसा र बिक्रीदर २३ रुपैयाँ २८ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ६९ पैसा र बिक्रीदर १९ रुपैयाँ ७६ पैसा, कुवेती दिनार एकको खरिददर ५०१ रुपैयाँ ३१ पैसा र बिक्रीदर ५०३ रुपैयाँ २६ पैसा रहेको छ।रासस

## 'ब्लु यामाहा एक्सएसआर १५५' जनकपुरधाममा सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । नाडा तथा भृकुटीमण्डपमा सम्पन्न प्रदर्शनीपछि यामाहाको नयाँ मोटरसाइकल 'ब्लु यामाहा एक्सएसआर १५५' जनकपुरधाममा पनि सार्वजनिक गरिएको छ।

नेपालका लागि यामाहाको आधिकारिक वितरक एमएडब्लू राइडर्सप्रा.लि.ले जनकपुरधामस्थित आधिकारिक शोरूम जानकी अटो सेन्टरमार्फत एक्सएसआर १५५ लाई औपचारिक रूपमा उपलब्ध गराएको छ।

काठमाण्डुको भृकुटीमण्डपमा आयोजित नाडा अटो शो तथा यामाहा ब्लु फेस्टको सफल प्रदर्शनपछि जनकपुधराममा पनि नयाँ मोटरसाइकल सार्वजनिक गरिएको जानकी अटो सेन्टरले जनाएको छ । सेन्टरका अनुसार जनकपुरधाम तथा आसपासका ग्राहकले शोरूममै मोटरसाइकलको अवलोकन, टेस्ट राइड तथा बुकिङ गर्न सक्नेछन्।

यामाहाको 'बिल्ट अन लेगेसी, डिजाइन बाई पर्फमेन्स' अवधारणामा तयार गरिएको एक्सएसआर १५५ मा १५५ सीसी लिक्विड-कुल्ड इन्जिन र ६-स्पिड गियर ट्रान्समिसन रहेको




कम्पनीले जनाएको छ । यसले दैनिक यात्रा तथा हाइवे राइडमा उच्च माइलेजका साथै पर्याप्त पावर र गतिमा स्थिरता दिने दाबी गरिएको छ।

कम्पनीका अनुसार आकर्षक रेट्रो डिजाइनसँगै आधुनिक प्रविधि र स्टाइलको संयोजन गरिएको एक्सएसआर १५५ को मूल्य ५ लाख ३४ हजार ९ सय रुपैयाँ तोकिएको छ। नयाँ मोडलमा मेरून रेड सहित विभिन्न रङका विकल्प उपलब्ध छन्।

एमएडब्लू राइडर्स प्रा.लि. नेपालका लागि यामाहा दुईपाङ्ग्रे सवारी साधनको आधिकारिक वितरक छ । कम्पनीले देशभर विश्वस्तरीय मोबिलिटी, प्राविधिक नवीनता र ग्राहक सेवा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ।

# १८१ दुर्घटनामा १२ जनाको मृत्यु




**टुडे समाचारदाता**

रौतहट । चालु आर्थिक वर्षको साउनदेखि असोज २० गतेसम्मको प्रगति विवरण रौतहट प्रहरीले सार्वजनिक गरेको छ। उक्त ८० दिनको अवधिमा जिल्लामा २५१ वटा मुद्दा दर्ता भएकामा १५६ वटा फछ्र्योट भएका छन् भने ९५ वटा अनुसन्धानको क्रममा रहेका छन्। विभिन्न मुद्दाका १३५ जना प्रतिवादी पक्राउ परेका छन् ।

भन्सार छलीविरुद्धको कारबाहीमा सात जना पक्राउ परेका छन् भने पाँचवटा सवारीसाधन नियन्त्रणमा लिइएको छ। यस क्रममा ५७ लाख ५३ हजार ३६३ रुपैयाँ बराबरको राजस्व संकलन भएको प्रहरीले जनाएको छ ।

लागुऔषधसम्बन्धी पाँच मुद्दामा छ जना पक्राउ परेका छन्। उनीहरूको साथबाट पाँच किलो १६५ ग्राम गाँजा, १५ ग्राम १६५ मिलिग्राम ब्राउनसुगर र ७१ पिस मनोद्वीपक पदार्थ बरामद गरिएको छ ।

रौतहटमा साउनदेखि असोज २० गतेसम्म १८१ वटा सवारी दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको छ भने ३६५ जना घाइते भएका छन्। ट्राफिक नियम उल्लंघन गर्ने सवारीसाधन तथा चालकविरुद्ध २४८ वटा कारबाही गरी २० लाख ६७ हजार रुपैयाँ राजस्व संकलन गरिएको छ ।

अवैध नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसारमा संलग्न २६ वटा सवारीसाधन र आठ जनामाथि कारबाही गरी एक लाख ४५ हजार ५०० रुपैयाँ राजस्व उठाइएको छ। अवैध काठ ओसार पसारमा संलग्न सातवटा सवारीसाधन नियन्त्रणमा लिँदै २३१ घनफिट काठ बरामद गरिएको छ। उक्त घटनामा तीन जना पक्राउ परेका छन् ।

नागरिकका गुनासातर्फ ६६६ वटा ठाडो उजुरी दर्ता भएकामा ५७२ वटा समाधान भएका छन् भने ९४ वटा प्रक्रियामा छन्। प्रहरीका विभिन्न सेवाबाट समीक्षा अवधिमा १८ हजार ७५३ जना लाभान्वित भएको विवरणमा उल्लेख छ।

रौतहटमा प्रहरीको स्वीकृत दरबन्दी ९०४ रहेकामा हाल ८१९ जना कार्यरत छन्। प्रहरीले अपराध नियन्त्रण, अवैध कारोबार रोकथाम, फैसला कार्यान्वयन र नागरिकलाई सुरक्षित सेवा प्रदान गर्न प्रहरी परिचालन तथा निगरानीलाई प्रभावकारी बनाइने जनाएको छ ।

एसपी रिजालले चाडपर्वलाई सभ्य, मर्यादित र शान्तिपूर्ण रूपमा मनाउन आग्रह गर्दै कुनै शंकास्पद गतिविधि देखिएमा प्रहरीलाई तत्काल जानकारी गराउन जिल्लावासीसँग अनुरोध गरेका छन्।

## विजयादशमी तयारी पुरा

# आज घटस्थापना र नवरात्राको पूजा शुरु, शक्तिपीठहरुमा भव्य सजावट

**टुडे समाचारदाता**

जनकपुरधाम । आइतवारदेखि विजयादशमी शुरु हुँदैछ । विजयादशमीका लागि मधेश प्रदेशको राजधानी जनकपुरधाममा विभिन्न शक्तिपीठहरुको भव्य सरसजावट गरिएको छ ।

विजयादशमीलाई भव्य, सभ्य र व्यवस्थित रूपमा मनाउन यहाँका प्रमुख शक्तिपीठ तथा देवी मन्दिरहरूको व्यवस्थापन गर्ने युवा कमिटी र समितिहरूले सरसजावटदेखि पुजाआजाको तयारी पूरा गरेका हुन् ।

जनकपुरधामको प्रसिद्ध राजदेवी मन्दिरसहित अन्नपूर्णा मन्दिर, बौद्धिमाई मन्दिर, कपिलेश्वरस्थित जेठी राजदेवी मन्दिर, बुढीयामाई स्थान, पीडरियामाई स्थान, पल्टिमाई तथा वैष्णवी देवी मन्दिरलगायतका शक्तिपीठमा पूजाआजा र दर्शनको व्यवस्थापन मिलाइएको छ ।

जनकपुरधामस्थित राजदेवी मन्दिरको व्यवस्थापन महावीर युवा कमिटीले गर्दै आएको छ। त्यसैगरी, अन्नपूर्णा र बौद्धिमाई मन्दिरको व्यवस्थापन राम युवा कमिटीले तथा कपिलेश्वर क्षेत्रका जेठी राजदेवी मन्दिर, पिरडियामाई मन्दिरको पिरडिया युवा कमिटी, महारानीमाई लगायतका शक्तिपीठको व्यवस्थापन हर्दिनाथ युवा कमिटी र सम्बन्धित समितिहरूले गर्दै आएका छन् ।

बडादशैंका अवसरमा जनकपुरधामका शक्तिपीठहरूमा पूजाआजा तथा दर्शनका लागि नेपालका विभिन्न जिल्ला र सीमावर्ती भारतीय क्षेत्रबाट समेत ठूलो संख्यामा श्रद्धालु भक्तजन आउने गरेका छन् । राजदेवी मन्दिरमा दर्शनार्थीको चाप बढ्ने भएकाले भक्तजनलाई सहज रूपमा पूजाआजा र दर्शन गर्ने वातावरण मिलाउन आवश्यक व्यवस्थापकीय पक्षले तयारी गरेको बताइएको छ ।



महावीर युवा कमिटीका महासचिव भरत साहका अनुसार सम्भावित भीडलाई ध्यानमा राख्दै मन्दिर परिसरको व्यवस्थापन, दर्शन तथा पूजाआजालाई सहज बनाउने र धार्मिक कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने तयारी पूरा गरिएको छ । उनले बडादशैं धार्मिक आस्था, सांस्कृतिक परम्परा र सामाजिक सद्भावसँग जोडिएको पर्व भएकाले यसको गरिमा कायम राख्दै श्रद्धालुलाई सहज वातावरण उपलब्ध गराउन कमिटीले प्राथमिकता दिएको बताए ।

विजयादशमीका अवसरमा जनकपुरधाममा धार्मिक अनुष्ठानसँगै मिथिलाको मौलिक कला, संस्कृति र लोकपरम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिने जनाइएको छ।

महावीर युवा कमिटीका अध्यक्ष दीपक कुमार साह 'मिन्टु'का अनुसार दशैंका अवसरमा मिथिलाको विशिष्ट लोकनृत्य झिझिया, भजन सन्ध्या तथा रावण दहनलगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

धार्मिक आस्था, सांस्कृतिक उत्सव र सामाजिक सद्भावको संगमका रूपमा रहेको बडादशैंका लागि जनकपुरधामका शक्तिपीठहरू सजाइँदै छन् । पूजाआजा, दर्शन तथा सांस्कृतिक कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सम्बन्धित युवा कमिटी र समितिहरू जुटेका छन् ।

नवरात्रा पनि शुरु, आज घटस्थापना

विजयादशमीसँगै नवरात्रा पनि परम्परा अनुसार आइतवारदेखि नै शुरु भएको छ । आश्विन शुक्ल प्रतिपदाका अवसरमा विजयादशमीको पहिलो दिन घटनास्थापनाबाट शुरु हुनेछ । नेपाल पञ्चाङ्गका अनुसार घटस्थापनाको शुभसाइत बिहान ११ बजेर ४७ मिनेटमा रहेको छ । नवरात्रका अवसरमा आज राजदेवी मन्दिर लगायतका शक्तिपीठसहित घर घरमा कलश राखेर घटस्थापना गरी विधिपूर्वक नवदुर्गा देवीको पूजाआराधना शुरु गरिनेछ।

नवरात्राको पहिलो दिन शैलदेवीको पूजा गरिनेछ। यस्तो दोश्रो दिन सोमवार २६ गते ब्रम्हाचारिणी, तेश्रो दिन मंगलवार २७ गते चन्द्रघण्टा माताको, चौथो दिन बुधवार २८ गते कुष्माण्डा देवीको पूजा गरिनेछ।

पाँचौ दिन बिहीवार २९ गते स्कन्दमाता, छठौं दिन शुक्रवार ३० गते कात्यायणी देवीको पूजा गरिनेछ । यसै दिन फुलपातीका लागि बेल निमन्त्रणा विधि सम्पन्न गरिनेछ। सातौं दिन शनिवार ३१ गते कालरात्रिको पूजासँगै शक्तिपीठका देवीहरुको पुजाका लागि फुलपाती भित्रियाइनेछ । आठौंदिन अष्टमी तिथि आइतवार कात्तिक १ गतेका दिन महागौरीको पूजा गरिनेछ । यसै दिनलाई कालरात्री भनेर समेत पुजिन्छ । यसैदिन राजदेवी मन्दिरसहित विभिन्न शक्तिपीठहरुमा बलिप्रदान समेत गरिनेछ।

अष्टमी तिथिको अवधि लामो भएका कारण सोमवार २ गतेका दिनपनि महागौरी देवीकै पूजा गरिनेछ । अन्तिम नवौं दिन नवमी तिथिका दिन मंगवार सिद्धीदात्री देवीको पूजाआजा गरिनेछ । यसपछि दशमी तिथि बुधवारका दिन नवदुर्गास्वरुप भगवतीको विशेष पूजाआजा गरी देवी विर्सजन गरी समापन गरिनेछ । यसैदिन टिका ग्रहण समेत गरिनेछ।

## बैंकिङ सेवामा राष्ट्रियता परिचयपत्र अनिवार्यता नबनाउन निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । बैंकिङ सेवा प्राप्त गर्न राष्ट्रिय परिचयपत्रलाई नागरिक पहिचानको एकमात्र र अनिवार्य आधार नबनाउन नेपाल राष्ट्र बैंकका नाममा सर्वोच्च अदालतले आदेश जारी गरेको छ।

नेपाल राष्ट्र बैंकले बैंक खाता खोल्न तथा खाता अद्यावधिक गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको थियो। उक्त व्यवस्थाविरुद्ध परेको रिट निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले राष्ट्रिय परिचयपत्र नभएका नागरिकलाई अन्य आधिकारिक कागजातका आधारमा पनि बैंकिङ सेवा उपलब्ध गराउन आदेश दिएको हो।

न्यायाधीश सपना प्रधान मल्ल र मेघराज पोखरेलको इजलासले राष्ट्र बैंकको एकीकृत निर्देशन, २०८२ मा राष्ट्रिय परिचयपत्र र त्यसको नम्बरलाई नागरिक पहिचानको एकमात्र आधार बनाइएको व्यवस्था बदर हुने ठहर गरेको छ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'राष्ट्र बैंकको एकीकृत निर्देशन, २०८२ ले राष्ट्रिय परिचयपत्र र राष्ट्रिय परिचयपत्र नम्बरलाई नागरिक पहिचानको एकमात्रै आधार बनाएको हदसम्म उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ।'

अदालतले राष्ट्रिय परिचयपत्र प्राप्त नभएसम्म नागरिकताको प्रमाणपत्रलगायत अन्य कागजातका आधारमा बैंकिङ सेवा दिन आदेश दिएको हो। राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने व्यवस्थाका कारण नागरिकहरू मर्कामा परेको भन्दै अधिवक्ता सरिता अधिकारीले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेकी थिइन्।

सर्वोच्चको आदेशले राष्ट्रिय परिचयपत्र नबनाएका वा प्राप्त गर्न नसकेका नागरिकलाई वैकल्पिक आधिकारिक कागजातका आधारमा बैंकिङ सेवा प्राप्त गर्ने बाटो खुलाएको छ।

# रौतहटमा दशैं–तिहार सुरक्षामा ८९७ प्रहरी परिचालन

**टुडे समाचारदाता**

रौतहट । दशैं, तिहार तथा छठ पर्वलाई सुरक्षित र शान्तिपूर्ण बनाउन जिल्ला प्रहरी कार्यालय रौतहटले विशेष सुरक्षा योजना लागू गर्ने भएको छ । चाडपर्व लक्षित सुरक्षाका लागि ट्राफिक प्रहरीसहित ८९७ प्रहरी परिचालन गरिने जिल्ला प्रहरी प्रमुख एसपी सिताराम रिजालले बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा एसपी रिजालले चोरी, लुटपाट, ठगी, पाकेटमारी, अवैध कारोबार तथा सवारी दुर्घटना नियन्त्रणलाई प्राथमिकतामा राखेर सुरक्षा योजना तयार गरिएको जानकारी दिएका थिए ।

सुरक्षा योजनाअन्तर्गत जिल्लाका ३४ स्थानमा पिकेट, १० स्थानमा पैदल गस्ती र पाँच स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिनेछ। मोबाइल गस्ती, ड्रोन तथा सीसीटीभीबाट निगरानी, सादा पोसाकमा प्रहरी परिचालन र सीमावर्ती क्षेत्रमा विशेष चेकजाँच गरिने प्रहरीले जनाएको छ।



चाडपर्वमा भारतबाट घर फर्किने यात्रुको सुरक्षाका लागि भारतीय प्रहरीसँग समेत समन्वय गरिनेछ ।

यसैबीच दशैं, तिहार र छठ पर्वका बेला यात्रुको बढ्दो चापलाई मध्यनजर गर्दै रौतहट प्रहरीले यातायात सुरक्षा र यात्रु सहजीकरणलाई प्राथमिकता दिएको छ। चाडपर्वको यात्रालाई सुरक्षित, सहज र व्यवस्थित बनाउने उद्देश्यले जिल्लाका चार प्रमुख स्थानमा यात्रु सहायता कक्ष स्थापना गर्नुका साथै चन्द्रनिगाहपुरमा रिफ्रेस सेन्टर सञ्चालनमा ल्याइएको छ ।

जिल्ला प्रहरी कार्यालय गौर र जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको संयुक्त पहलमा चन्द्रपुर नगरपालिका-४ स्थित चन्द्रनिगाहपुर मेनचोक, गरुडा नगरपालिका-४ गरुडा बजार, बौधीमाई नगरपालिका-७ बंकुल चोक र गौर नगरपालिका-८ स्थित गौर बसपार्कमा सहायता कक्ष स्थापना गरिएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख इन्स्पेक्टर राजेन्द्र थापामगरका अनुसार चाडपर्वका समयमा यात्रुको आवागमन बढ्ने भएकाले उनीहरूले भोग्न सक्ने समस्या तत्काल सम्बोधन गर्न हेल्प डेस्क सञ्चालनमा ल्याइएको हो ।

सहायता कक्षबाट यात्रुहरूले सार्वजनिक यातायातमा बढी भाडा असुली, यात्राका क्रममा हुने ठगी, यातायातसम्बन्धी समस्या तथा अन्य गुनासो प्रहरीसमक्ष राख्न सक्नेछन्। यसले यात्रुलाई समस्या पर्दा तत्काल प्रहरीको सहयोग लिन सहज हुने अपेक्षा गरिएको छ ।

**यात्रुको थकान मेटाउन रिफ्रेस सेन्टर**

चन्द्रनिगाहपुरस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालयको अगाडि लामो दूरीका यात्रुलाई लक्षित गरी रिफ्रेस सेन्टरसमेत सञ्चालन गरिएको छ। सेन्टरमा यात्रुका लागि शुद्ध खानेपानी र शौचालयको व्यवस्था गरिएको प्रहरी निरीक्षक थापामगरले जानकारी दिएका छन् ।

चाडपर्वका बेला लामो दूरीको यात्रा गर्दा यात्रु तथा चालकले भोग्ने थकान र असहजतालाई ध्यानमा राख्दै आधारभूत सुविधा उपलब्ध गराइएको प्रहरीले जनाएको छ।

चाडपर्वमा हुन सक्ने सवारी दुर्घटना न्यूनीकरण, यात्रुमाथि हुने सम्भावित ठगी नियन्त्रण र यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले सुरक्षा तथा सहजीकरणका उपाय अघि बढाइएको हो।

प्रहरीले यात्राका क्रममा ट्राफिक नियमको पूर्ण पालना गर्न, सवारीसाधनको अवस्था जाँच गरेर मात्र यात्रा गर्न तथा भाडा वा अन्य विषयमा समस्या परे नजिकैको यात्रु सहायता कक्षमा जानकारी गराउन सर्वसाधारणलाई आग्रह गरेको छ।

# सस्ता बजार आजदेखि शुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । वडादशैं, दीपावली तथा छठ पर्वलाई लक्षित गरी जनकपुरधाममा सञ्चालन गरिएको "सस्ता बजार"को विधिवत रुपमा शनिवार एक कार्यक्रमका बीच उद्घाटन गरिएको छ । आइतवारदेखि विधिवतमा शुरु हुनेछ।

गोपाल धर्मशालामा मधेश प्रदेश सभाका सदस्य दिपेन्द्र ठाकुर तथा दशैं बजार व्यवस्थापन मूल समितिका संरक्षक एवं धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले संयुक्त रुपमा बजारको उद्धाटन गरेका हुन् ।

कूल १५० धन्दा बढी स्टलहरू भएको दशै बजारमा दशैं, दीपावली तथा छठ पर्वमा आवश्यक पर्ने सबै प्रकारका दैनिक उपभोग्य सामानहरू एक्कै ठाउँमा सुलभ मूल्यमा आम उपभोक्ताले किन्न पाउने भएपछि बजारको लोकप्रियता वर्षेनी बढ्दै भएको छ ।

करिब ४० वर्षदेखि लाग्दै आएको दशै बजारमा नेपालमा उत्पादन भएका खाद्यान्नका सामाग्रीहरू, विभिन्न कम्पनीका साबुन, सर्प, चिया पत्ती, अगरबत्ती, भाडा वर्तन देखि कपडा सहितका दैनिक जीवनमा आवश्यक पर्ने सबै सामाग्रीहरूको स्टल रहने भएको मेला आयोजक जनकपुरधाम उद्योग वाणिज्य संघका महासचिव फूलदेव पण्डितले जानकारी दिएका छन् ।

असोज २४ गतेबाट शुरु भएको दशैं बजार यस वर्ष विजया दशमीसम्म चल्ने धनुषाका प्रमुख जिल्ला अधिकारी एवं दशै बजार व्यवस्थापन मूल समितिका संरक्षक प्रेम प्रसाद लुइँटेलले जानकारी दिए । छठसम्म अहिलेकै मूल्यमा पसलहरूमा सामानहरू बिक्री हुने निर्णय भएको उनले बताए ।

जनकपुर धाममा झण्डै ४ दशकदेखि लाग्दै आएको दशैं,दीपावली छठ पर्वको लागि लाग्दै आएको सस्तो बजार असोज २४ गते बाट स्थानीय गोपाल धर्मशालामा आरम्भ भयो ।

जनकपुरधाम उद्योग बाणिज्य संघ का अध्यक्ष सुरेन्द्र भण्डारी को अध्यक्षतामा संचालनमा आएको सस्तो बजारमा १४० वटा स्टल रहेका छन । जउबा संघले हरेक स्टलको १०-१० लाखको बीमा भएको अध्यक्ष भण्डारीले जानकारी गराए ।

# ठगी मुद्दामा रौतहटका तीन युवा पक्राउ

**टुडे समाचारदाता**

रौतहट । ठगीसम्बन्धी गतिविधिमा संलग्न रहेको आशंकामा मकवानपुर प्रहरीले रौतहटका तीन युवालाई हेटौँडाबाट पक्राउ गरेको छ । उनीहरू बस्दै आएको डेराबाट विभिन्न व्यक्तिका नागरिकता प्रमाणपत्रका ५२ थान प्रतिलिपि, ४३ थान सिमकार्ड र चार थान चेकबुक बरामद भएको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा रौतहटको कटहरिया नगरपालिका-८ का १९ वर्षीय अजय कुमार यादव र पवन कुमार दास तथा बौधिमाई नगरपालिका-६ का २१ वर्षीय रोशन राय यादव रहेका छन्।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार विशेष सूचनाकाआधारमाअसोज२२गते



हेटौँडा उपमहानगरपालिका-५, सानोपोखरास्थित रामबहादुर पोखरेलको घरमा खानतलासी गर्दा उनीहरूबाट उक्त सामग्री फेला परेको हो ।

बरामद सिमकार्डमध्ये २२ थान एनसेलका प्रयोग भइसकेका र २१ थान सिलप्याक अवस्थामा रहेका छन् । त्यस्तै, अन्य व्यक्तिका नाममा रहेका चार थान चेकबुकसमेत प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डीएसपी माधवप्रसाद काफ्लेका अनुसार पक्राउ परेका युवाहरूले सिमकार्ड कहाँबाट प्राप्त गरेका हुन् र ती सामग्री कुन प्रयोजनका लागि राखिएका थिए भन्नेबारे खुलाउन सकेका छैनन् ।

नागरिकताका प्रतिलिपि, सिमकार्ड र चेकबुकको प्रयोग गरी कुनै ठगीजन्य गतिविधि भए-नभएको विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ। तीनै जनाविरुद्ध ठगीसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

## करेन्ट लागेर महिलाको मृत्यु

**टुडे समाचारदाता**

वीरगञ्ज । करेन्ट लागेर बाराको जितपुरसिमरा उपमहानगरपालिकामा एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा जितपुरसिमरा उपमहानगरपालिका-१४ बेहरी निवासी रामचन्द्र महतोकी ४५ वर्षीया श्रीमती सिरिया देवी महतो रहेकी छन्।

प्रहरीका अनुसार शनिबार दिउँसो करिब १:५० बजे आफ्नै घरपछाडि सरसफाइ गर्ने क्रममा नाङ्गो तार छुँदा उनलाई करेन्ट लागेको थियो। करेन्ट लागेर गम्भीर घाइते भएकी उनलाई उनका श्रीमान् रामचन्द्रले उपचारका लागि सिमरास्थित सिटी स्टार अस्पताल पुर्‍याएका थिए।

अस्पतालमा चिकित्सकले ईसीजी परीक्षण गरेपछि दिउँसो २ बजे उनलाई मृत घोषणा गरेका थिए। घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यालय सिमरा, बाराबाट प्रहरी निरीक्षक विनोदराज खत्रीको कमान्डमा सोको (क्इत्रइ) सहितको टोली घटनास्थलमा खटिएको थियो ।रासस

# जालिम मियाँका दुई छोरा जेल चलान

**टुडे समाचारदाता**

वीरगञ्ज । हत्या आरोपमा नेकपा एमालेका नेता जालिम



मियाँका दुई छोरा पुर्पक्षका लागि कारागार चलान भएका छन् ।

पर्सा जिल्ला अदालतले शुक्रबार नसिर अहम्मद मन्सुरी र जाफिर अहम्मदलाई कर्तव्य ज्यान तथा शान्तिविरुद्धको कसुरसम्बन्धी मुद्दामा पुर्पक्षका लागि कारागारमा राख्न आदेश दिएको हो ।

पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) चक्र मल्लले अदालतको आदेशअनुसार दुवै जनालाई कारागार चलान गरिएको जानकारी दिए । उनीहरूमाथि आफ्नै सालीको हत्या गरेको आरोपमा प्रहरीमा मुद्दा दर्ता भएको थियो । उक्त घटनाको अनुसन्धानका क्रममा प्रहरीले केही साताअघि दुवै जनालाई पक्राउ गरेको थियो ।

प्रहरीले अनुसन्धान पूरा गरी दुवै जनालाई अदालतमा पेस गरेपछि अदालतले मुद्दाको अन्तिम फैसला नहुँदासम्म पुर्पक्षका लागि कारागारमा राख्ने आदेश दिएको हो । अदालतको आदेशसँगै दुवै जना मुद्दाको अन्तिम किनारा नलागेसम्म कारागारमै रहनेछन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८